# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## नौमुले गाउँपालिका
## दैलेख





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## नौमुले गाउँपालिका

## दैलेख




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

## २०७९

## नौमुले गाउँपालिका

### दैलेख

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा
प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय
लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौँ, नेपाल
Anamnagar, Kathmandu, Nepal

नेपाल
२०७६

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. : ९० मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,
नौमुले गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दैलेख।

**कैफियत सहितको राय**

हामीले नौमुले गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.७ करोड ८६ लाख ९६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.८८ लाख १२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९७ लाख ७३ हजार, नियमित गर्नुपर्ने रु.५ करोड १८ लाख ७० हजार, शोधभर्ना नलिएको रु.२४ लाख ९४ हजार र पेश्की रु.५७ लाख ४७ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.२० करोड ३८ लाख ३०९ हजार बेरुजू बाँकी रहेकोमा रु.६ लाख ४६ हजार सम्परीक्षण गरी हालसम्मको अद्यावधिक बेरुजू रु.२८ करोड १८ लाख ८० हजार रहेको छ। गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# नौमुले गाउँपालिका, दैलेख

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछर्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६८ | १०६ | ७८६९६ | ० | ० | ० | ६८ | १०६ | ७८६९६ | ८८१२ | ५१८७० | ९७७३ | ० | २४९४ | ६४१३७ | ५७४७ |

### 1.2 प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछर्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नौमुले गाउँपालिका दैलेख | २०३८३० | ० | ६४६ | २०३१८४ | ० | ७८६९६ | २८१८८० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : नौमुले गाउँपालिका, दैलेख , नौमुले गाउँपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रेशम बहादुर बुढा | २०७८-९-२१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | भुपेन्द्र शाही | २०७८-१२-१३ | |
| लेखा प्रमुख | कबिराज जैसी | २०७५-८-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ७८,६९५,९१०.२७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,४१,०७,११६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७,५४,२३,७८७ | **चालु खर्च** | ३५,५३,३६,५३३.३ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,३७,६६,८३० | **पूँजीगत खर्च** | १६,३३,३१,७८८.३ |
| **राजश्व बाँडफाँट** | ८,२४,२८,११४.३ | **वित्तीय/अन्य व्यवस्था** | ११,४०,८०,१३९ |
| **आन्तरिक आय** | २०,२३,८४७ | | |
| **अन्य आय** | १६,०१,५४,१२१.५ | | |
| **कुल आय** | ६५,३७,९६,६९९.८ | **कुल खर्च** | ६३,२७,४८,४६०.६ |
| **बाँकी मौज्दात** | | ५,५१,५५,३५५.२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नौमुले पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नौमुले पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४३ सभा सदस्य, २२८.८९ वर्ग किलोमिटर क्षेत्रफल तथा २० हजार ८०२ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्योल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. ३,१४,६३१।०० असुली भई सञ्चित कोष दाखिला भएको छ । | |
| | | | | |

| कार्यक्रम/ब.उ.शी.नं. | वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| समानिकरण चालु | महंगी भत्ता बेरुजु (१७ जना) | २३८००० | २०७९।०९।१८ | एन एम बि बैंक (१०४००७१७१२४०००४१) |
| समानीकरण चालु | विविध | ४०१४५ | २०७९।०८।१३ | एन एम बि बैंक (१०४००७१७१२४०००४१) |
| शसर्त | वाहल कर | २०० | २०७९।०९।१८ | ११११११ (रा ब बैक) |
| शसर्त | वेरुजु | २८३६२ | २०७९।०९।१८ | १५१११ (रा ब बैक) |
| शसर्त | बेरुजु | ७९२४ | २०७९।०९।१८ | १५१११ (रा ब बैक) |
| सामानिकरण चालु | असूली | ६६६०० | २०७९।०९।२४ | १५१११ (रा ब बैक) |
| **जम्मा** | | **३१४६३१** | | |

| ४ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

**वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नअनुसार देखिएको छः

| विवरण | यस वर्ष रु. | | | |
|---|---|---|---|---|
| | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | ५०,८४,७५,७३३.९७ | ५५,४०,०३,५१२.२९ | ६४,००,०००.०० | ५६,०४,०३,५१२.२९ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ४९,९८,३८,५२०.९७ | ५४,७२,०३,३६८.२९ | ६४,००,०००.०० | ५५,३६,०३,३६८.२९ |
| ११००० कर | ७,९३,३५,०००.०० | ८,२४,२८,११४.३२ | ० | ८,२४,२८,११४.३२ |
| १३००० अनुदान | ४१,५२,९३,०००.०० | ४२,५४,५७,६१७.०० | ६४,००,०००.०० | ४३,१८,५७,६१७.०० |
| संघीय सरकार | ३७,९५,१६,०००.०० | ३८,८३,९८,७८७.०० | ६४,००,०००.०० | ३९,४७,९८,७८७.०० |
| प्रदेश सरकार | ३,५७,७७,०००.०० | ३,७०,५८,८३०.०० | ० | ३,७०,५८,८३०.०० |
| १४००० अन्य राजस्व | ५२,१०,५२०.९७ | ३,९३,१७,६३६.९७ | ० | ३,९३,१७,६३६.९७ |
| ख. अन्य प्राप्ति | ८६,३७,२१३.०० | ६८,००,१४४.०० | | ६८,००,१४४.०० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | ८६,३७,२१३.०० | ६४,०६,१४४.०० | ० | ६४,०६,१४४.०० |
| धरौटी | ० | ३,९४,०००.०० | ० | ३,९४,०००.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ५३,९३,९६,१७५.९७ | ४६,९७,१९,८८४.२५ | ७७,१२,०५९.३३ | ४७,७४,३१,९४३.५८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५३,०७,५८,९६२.९७ | ४६,४०,३९,३०५.९९ | ७७,१२,०५९.३३ | ४७,१७,५१,३६५.३२ |
| २१००० पारिश्रमिक / सुविधा | १६,८८,१६,०००.०० | १६,६९,८५,४११.३४ | ६,४६,०००.०० | १६,७६,३१,४११.३४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ११,०३,३४,४९४.९७ | १०,२०,०५,६५०.५५ | १७,४४,६३१.३३ | १०,३७,५०,२८१.८८ |
| २५००० सहायता (Subsidy) | ६,६७,५१,०००.०० | ५,९४,२७,२४६.१० | ० | ५,९४,२७,२४६.१० |
| २७००० सामाजिक सुरक्षा | ८६,९०,०००.०० | ४२,०९,५५०.०० | ० | ४२,०९,५५०.०० |
| २८००० अन्य खर्च | ६३,१९,८९०.०० | ६३,१९,८९०.०० | ० | ६३,१९,८९०.०० |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १६,९८,४७,५७८.०० | १२,५०,९१,५५८.०० | ५३,२१,४२८.०० | १३,०४,१२,९८६.०० | | |
| | | | | घ. अन्य भूक्तानी | ८६,३७,२१३.०० | ५६,८०,५७८.२६ | | ५६,८०,५७८.२६ | | |
| | | | | कोषहरु | ८६,३७,२१३.०० | ५५,५२,४११.०० | ० | ५५,५२,४११.०० | | |
| | | | | धरौटी | ० | ६,८३,८७०.५० | ० | ६,८३,८७०.५० | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | | |
| | | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (५,५५,७०३.२४) | | (५,५५,७०३.२४) | | |
| | | | | ङ. यो वर्षको बचत (न्युन) | (३,०९,२०,४४२.००) | ८,४२,८३,६२८.०४ | (१३,१२,०५९.३३) | ८,२९,७१,५६८.७१ | | |
| | | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १२,४९,२०,९२७.११ | | १२,४९,२०,९२७.११ | | |
| | | | | वर्षान्तको बाकी रकम (ङ + च) | (३,०९,२०,४४२.००) | २०,९२,०४,५५५.१५ | (१३,१२,०५९.३३) | २०,७८,९२,४९५.८२ | | |
| | | | | बैंक तथा नगद बाकी | | २०,८७,३१,३३७.८२ | | २०,८७,३१,३३७.८२ | | |
| ४.१ | | | **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७,६४,४४,९९७।००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १,६१,३७,७३२।००, गरिव सँग विश्वेश्वरको रु. ४,५९,०००।०० र प्रदेश तर्फ मुख्यमन्त्री रोजगार कार्यक्रम प्रोत्साहन रु. १,००,०००।००, उद्यमशिलता रोजगार आयआर्जन कार्यक्रम रु. १,८८,२८,४९३।००, सामाजिक विकास मन्त्रालय आधारभुत अस्पतल भौतिक पूर्वाधार निर्माण रु. १४,८७,८००।०० समेत गरी रु. ११,३४,५८,०२२।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | **फरक हिसाब –** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ९,०८,१३,८११।१ , यस वर्षको प्राप्ति रु. २,००,६४,८३४।५,यस वर्षको भुक्तानी रु. ४,१८,५८,४९५।०० र बैङ्क मौज्दात रु. १५,२७,३७,१४०।६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १२४९२०९२७.१ | ५६०४०३५१२.३ | ४७७४३१९४३.६ | २०७८९२४९५.८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३४१०७११६.० | ५४०३३८६७७.८ | ५१९२९०४३८.६ | ५५१५५३५५.२ |
| फरक | ९०८१३८११.१ | २००६४८३४.५ | -४१८५८४९५.० | १५२७३७१४०.६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४.३</td><td></td><td></td><td>बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:
<table>
<tr><td>खाताको प्रकार</td><td>खाता अनुसार बाकी रु</td><td>बैंक अनुसार बाकी रु</td><td>फरक</td></tr>
<tr><td>ग १.१ आन्तरिक राजस्व खाता</td><td>३४१०७११६.००</td><td>७३२६१०.०८</td><td>३३३७४५०५.९२</td></tr>
<tr><td>ग १.३ आन्तरिक अनुदान खाता</td><td>२२६६७०००.००</td><td>०.००</td><td>२२६६७०००.००</td></tr>
<tr><td>ग २.१ चालू खर्च खाता- विजोर वर्ष</td><td>१५४६७६४.८१</td><td>१४२०१३८१.४६</td><td>-१२६५४६१६.६५</td></tr>
<tr><td>ग २.३ पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>९३४१२७६८.६८</td><td>३६७७६६५७.४५</td><td>५६६३६१११.२३</td></tr>
<tr><td>ग ३.१ स्थानीय तह धरौटी खाता</td><td>८७२००६.००</td><td>१४३०५७०.९७</td><td>-५५८५६४.९७</td></tr>
<tr><td>ग ४.१ स्थानीय तह सञ्चित कोष खाता</td><td>५२९००९३१.३३</td><td>१९२२८९२.४२</td><td>५०९७८०३८.९१</td></tr>
<tr><td>ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>३२२४७५१.००</td><td>३७२२९०७.००</td><td>-४९८१५६.००</td></tr>
<tr><td></td><td>२०८७३१३३७.८२</td><td>५८७८७०१९.३०</td><td>१४९९४४३१८.५२</td></tr>
</table>
पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.४</td><td></td><td></td><td>सञ्चित कोषमा स्थानान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. १,४२,०१,३८१।४६, पुँजीगत खातामा रु. ३,६७,७६,६५७।४५, आन्तरिक राजस्व खातामा रु. ७,३२,६१०।०८ समेत रु.५,१७,१०,६४८।९९ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.५</td><td></td><td></td><td>कर दायित्व – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. ५,५५,७०३।२४ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.</td><td>५५५,७०३.२४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **अनुदान फिर्ताः**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने मिति २०७९।०५।२२ मा भौ नं ३७९१५७७३ बाट रु. १,७२,९९,८४७।२४ र भौ नं ३७९१५८५० बाटरु.१,०७,५००।०० गरी जम्मा रु.१,७४,०७,३४७।२४ फिर्ता गरेको छ । | |

| अनुदानप्रदानगर्नेनिकाय | अनुदानकोप्रकार | प्राप्तरकम | खर्चरकम | बाँकीरकम |
|---|---|---|---|---|
| **संघीयसरकार** | शसर्त | २८०३१६००० | २६३०१६१५३ | १७२९९८४७ |
| | विषेश | ० | ० | ० |
| | समपुरक | ३००७७८७ | ३००७७८७ | ० |
| | अन्य | ० | ० | ० |
| **प्रदेशसरकार** | शसर्त | १०७९२००० | १०६८४५०० | १०७५०० |
| | विषेश | ३९९६२२४ | ३९९६२२४ | ० |
| | समपुरक | ९४९३६०६ | ९४९३६०६ | ० |
| | अन्य | ० | ० | ० |
| | **जम्मा** | ३०७६०५६१७ | २९०१९८२७० | १७४०७३४७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **अबण्डा बजेटः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष रु. १ करोड १ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट चालु तथा पुजीगततर्फ शीर्षकहरुमा वाँडफाडँ गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको पटके निर्णयबाट खर्च गरेको छ । यसरी कानून वमोजिम गाउँ सभवाट बजेट पारित गर्नुपर्नेमा एकमुष्ट रकम तोकी अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्षहरुको नाममा कार्यक्रम छुट्टयाई कार्यपालिकावाट कार्यसम्पन्न पछि निर्णय गराएको देखिएकोले यस्तो प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।<br><br>सिनं \| शिर्षक \| रकम<br>१ \| अध्यक्ष विकास कोष \| ५० लाख<br>२ \| अध्यक्ष रोजगार कार्यक्रम \| ५१ लाख ७० हजार<br> \| जम्मा \| १ करोड१लाख | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री अमृता सिहले मिति २०७८।०३।१९ गते रु. ४९ करोड ९८ लाख ३८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८ | | | **खर्च बिश्लेषणः**<br>पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.३,९३,१७,६३६।९७ राजस्व बाँडफाँड र अनुदानबाट रु.५१,४२,८५,७३१।३२ समेत रु.५५,३६,०३,३६८।२९ आम्दानी भएकोमा चालुतर्फ रु.३४,१३,३८,३७९।३२ र पूँजिगततर्फ रु.१३,०४,१२,९८६।- समेत रु.४७,१७,५१,३६५।३२ खर्च भएको छ । पालिकाको एकिकृत आर्थिक विवरणको आन्तरिक आय रु.२०,२३,८४६।९७ आधार मान्दा खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.४३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१,०९,४४,५२९।३३ खर्च भएको छ जुन आन्तरिक आयको ५४०.७८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२.३६ प्रतिशत चालु र २७.६४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** | |
| ९.१ | | | स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।०७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्चप्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २६०६४६१२. | २४१३७९११.१३ | ५.१२ |
| २ | सामाजिक विकास | २६८३९४४२८. | २५१८४०२६४.२५ | ५३.३८ |
| ३ | पूर्वाधार विकास | १२३४३३८२८. | ८६७६३२२४. | १८.३९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १७१५९०००. | १७०२७२४८. | ३.६१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९५७०७०९४.९७ | ९१९८२७१७.९४ | १९.५ |
| | | ५३०७५८९६२.९७ | ४७१७५१३६५.३२ | १००. |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५३.३८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटीमा ३.६१ प्रतिशत रहेको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.२ | | | पालिकाले उपलब्ध गराएको एकिकृत आर्थिक विवरण विवरणमा आन्तरिक आय रु.२०,२३,८४६।९७ र सुत्रको २७२ मा आन्तरिक आय रु.३,९३,१७,६३६।९७ देखिएकोले वास्तविक आय यकिन हुन सकेन । | |
| १० | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १२ | | | **आर्थिक सहायताः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्दा पालिकाको सो सम्वन्धमा निर्देशिका तयार गरि आर्थिक सहयाता वितरण गर्नुपर्दछ । पालिकाले यस वर्ष निर्देशिका नवानाई कार्यपालिकाको निर्णय वमोजिम २७३ जनालाई रु.२०,७७,०००।०० आर्थिक सहायता वितरण गरेका छन् । निर्देशिका नवनाई आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>

**त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><td rowspan="2">शिर्षक</td><td rowspan="2">जम्मा खर्च</td><td colspan="4">त्रैमासिकखर्च</td><td rowspan="2">अषाढ महिनाको खर्च</td></tr>
<tr><td>प्रथम</td><td>दोस्रो</td><td>तेस्रो</td><td>चौथौ</td></tr>
<tr><td>चालु</td><td>३४१३३८३७९.३२</td><td>६६२१३५२३.२०</td><td>५३९४६८९१.७९</td><td>८४४४८३१७.२७</td><td>१३६७२९६४७.०६</td><td>११२९०६१४२.४५</td></tr>
<tr><td>पूँजीगत</td><td>१३०४१२९८६.००</td><td>२६०००.००</td><td>२०७५७०७२.००</td><td>२७१८९६७१.००</td><td>८२४४०२४३.००</td><td>८०३७४५८९.००</td></tr>
<tr><td>जम्मा</td><td>४७१७५१३६५.३२</td><td>६६२३९५२३.२०</td><td>७४७०३९६३.७९</td><td>१११६३७९८८.२७</td><td>२१९१६९८९०.०६</td><td>१९३२८०७३१.४५</td></tr>
<tr><td>खर्चप्रतिशत</td><td>१००.००</td><td>१४.०४</td><td>१५.८४</td><td>२३.६६</td><td>४६.४६</td><td>४०.९७</td></tr>
</table>

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४७,१७,५१,३६५।३२ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ६,६२,३९,५२३।२० अर्थात १४.०४प्रतिशत, दोश्रो त्रैमासिकमा रु.७,४७,०३,९६३.७९ अर्थात १५.८४प्रतिशत, तेश्रो त्रैमासिकमा रु.११,१६,३७,९८८।२७, अर्थात २३.६६प्रतिशत र चौथौ त्रैमासिकमा रु.२१,९१,६९,८९०।०६ अर्थात ४६.४६ खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१९,३२,८०,७३१।४५ अर्थात ४०.९७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढ्दा खर्च ब्यवस्थापन सन्तुलित भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>

**आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु निम्न रहेका छन ।

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको छैन
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार नगरेको<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ कोदफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु १६,७६,३१,४११.३४ तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आशिक रुपमा प्रयोग गरेको छ। अतः परिमार्जित म.ले.प. फारमहरुको पूर्ण रुपमा लागू गर्नुपर्ने । | |

समग्र पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिती** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगती** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | १५८ | ० | ४ | | १५४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **सेवाप्रवाहको स्थितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ६ वटा ऐन, ५ वटा नियमावली, २ वटा निर्देशिका र १० बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | २२ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ८६२ |
| मृत्युदर्ता | १८७ |
| बसाईसराई दर्ता | २३० |
| विवाह दर्ता | ३२८ |
| सम्बन्धविच्छेद दर्ता | ५ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका पूर्वाधार निर्माण जस्ता दीर्घकालीन असर पर्ने कार्य लगायत अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । सेवा प्रबाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६३ जना पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत छैठौ, सहायक पाचौ, सहायक चौथो, सब ओभरसियर लगाएत ४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १८ | | | **वडा सचिवको पदपूर्ति :**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । पालिकामा ८ मध्ये ७ वडा सचिव रिक्त रहेको कारण पञ्जिकरण लगायत प्रत्यक्ष जनसरोकारको सेवा प्रवाहमा असर परेको छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br>वडा संख्या: ८; वड सचिवको दरबन्दी: ८; वडा सचिवको पदपूर्ति: १; रिक्त वडा सचिव: ७ | |
| १९ | | | **कर्मचारी करारः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ५६ जना कर्मचारीहरु करारमा राखि रु. १,५१,१८९,९१३।- खर्च लेखेको छ । सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेकोमा उल्लेखित पद वाहेकको इन्जिनियर, सव इन्जिनियर, अ स ई, ना प्र सा, वडा सहायक, प्रशासन सहायक, अमिन, कम्प्यूटर अपरेटर लगायत विभिन्न पदमा २० जना करार नियुक्ति गरी बर्षभरीमा रु.६३,४२,४३३।- भुक्तानी गरेको अनियमित रु.<br>क्रम: १९.१; कर्मचारीको नाम: नौमुले गाउँपालिका; असुली रकम: ६३,४२,४३३ | ६,३४२,४३३ |

Nested tables:

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ८ | ८ | १ | ७ |

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| १९.१ | नौमुले गाउँपालिका | ६३,४२,४३३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **न्यायीक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ ऐन, ५ नियमावली, २ निर्देशिका, १० कार्यविधि लगायत २३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले उक्त कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| २१ | | | **गत बर्षको दायित्वः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. १ करोड ५८ लाख १९ हजार भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७८।०७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको योजनाहरुको समेत भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्ने व्यबस्था मिलाउनु पर्दछ । | |
| २२ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा समेत खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २३ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **न्यायिक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी, यो बर्ष थप भएको र फछ्र्यौट भई बाँकी विवादको विवरण प्राप्त भएन । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २५ | | | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ५२,१०,५२०।९७ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।०७९ मा रु.२०,२३,८४६।९७ अर्थात अनुमान भन्दा ३८.८४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ पालिका ध्यान दिन आवश्यक देखिएको छ । | |
| २६ | | | **आन्तरिक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८.७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br>केन्द्रिय अनुदानबाट खर्च: ४७१७५१३६५.३२; आन्तरिक आय: २०२३८४६.९७; आन्तरिक आय प्रतिशत: ०.४३<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.४३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २७ | | | **कर तथा शुल्क असुलीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले पालिकाको असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |

Table in row २६:

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४७१७५१३६५.३२ | २०२३८४६.९७ | ०.४३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **राजश्व अभिलेख :**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख नरहेबाट कुन आर्थिक वर्षको नगदी रसिद के कति बाँकी छन एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउन सक्ने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणालीमार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो । | |
| २९ | | | **राजस्व दाखिला :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने तथा उपदफा (२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिबाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ८ वटा वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ३० | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण –**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ । | |
| ३१ | | | **प्रकोप व्यवस्थापनः**<br>प्रकोप व्यस्थापन कोषमा यस वर्ष रु.५५,५३,४११।०० खर्च गरेको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छनः | |
| ३१.१ | | | प्रकोप व्यवास्थापन कोषवाट आकष्मिक दुर्घटना तथा प्राकृतिक विपत्तीवाट हुने क्षेतिको न्यूनीकरण तथा व्यवस्थापनमा खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष रु.५५,५३,४११।०० खर्च गरेकोमा सो मध्ये रु.३३,४०,४११।०० विभिन्न किसिमको सूचना तथा प्रचारप्रसार, डकुमेन्ट्रि तयार गर्ने तथा कार्यालय संचालन खर्च गरेको देखिएकोले उक्त खर्च कोषको उद्देश्य विपरित खर्च भएको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.२ | | | **समिति गठन :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको पाइएन । | |
| ३१.३ | | | **कार्य योजनाः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चा्लन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गराउने सम्बन्धि व्यवस्था छ । पालिकाले नियममा भएको व्यवस्था बमोजिमको कार्य गर्नुपर्दछ । | |
| ३१.४ | | | **विपद् व्यवस्थापन कोषः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चा लन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.२२,३१,०६९।०० समेत रु.८६,३७,२१३।० आम्दानी भई रु.५५,५२,४११।० खर्च गरी बाँकी रु.३२,२४,७५१।०० देखिन्छ । पालिकाले खर्च मध्ये रु.३३,२१,३४२।०० भुक्तानी गरेको देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम खर्च लेखेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३१.५ | | | **वार्षिक प्रतिवेदन :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३२ | | | **पेश्की बाकीः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा खरिद संझौता अनुसार पेश्की दिन सकिने तथा सो पेश्की फछ्र्यौट सम्बन्धी व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त्यसम्म फस्छौंट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फर्स्छौंट गर्नुपर्ने रु.... | ५,७४६,९४७ |

| पेश्की लिएको मिति | पेश्की लिने ब्यक्ती , फर्म वा कम्पनीको नाम | फछ्यौंटको अन्तिम म्याद | म्याद नाघेको पेश्की |
|---|---|---|---|
| ठेकेदार | | | |
| ०४/०१/२०७८ | शिभिल निर्माण सेवा | २०७९/०३/३२ | ५, ९९ , ६४९.०० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०४/०१/२०७८ | शिभिल निर्माण सेवा | २०७९/०३/३२ | ७, ०४ , ७७२.०० | | |
| | | | | जम्मा | | | १३, ०४ , ४२१.०० | | |
| | | | | संस्थागत | | | | | |
| | | | | ०४/०१/२०७८ | सत्यवती निर्माण सेवा | २०७९/०३/३२ | ७, ६६ , २९७.०० | | |
| | | | | ०४/०१/२०७८ | नौमूले पोष्ट साप्ताहिक दैलेख | २०७९/०३/३२ | ६०,०००.०० | | |
| | | | | ०४/०१/२०७८ | नौमूले पोष्ट साप्ताहिक दैलेख | २०७९/०३/३२ | १, ५० , ०००.०० | | |
| | | | | ०४/०१/२०७८ | सेती ट्रेनिङ्ग एण्ड रिसर्च सेन्टर | २०७९/०३/३२ | ६, ०० , ०००.०० | | |
| | | | | १२/२४/२०७८ | आम नागरिक मल्टिमिडिया प्रा. लि. | ०१/२९/२०७९ | १, ४९ , ७००.०० | | |
| | | | | ०१/२१/२०७९ | सत्यवती निर्माण सेवा | ०२/२५/२०७९ | ८, ५४ , ०००.०० | | |
| | | | | जम्मा | | | २५, ७९ , ९९७.०० | | |
| | | | | उपभोक्ता समिति | | | | | |
| | | | | ०४/०१/२०७८ | कुले दह झोलुङ्गे पुल निर्माण उ स | २०७९/०३/३२ | २, ८६ , ३४०.०० | | |
| | | | | ११/२६/२०७८ | डाडागाँउ ट्रस पुल उ स | ०१/०१/२०७९ | ३, ५८ , ४३९.०० | | |
| | | | | जम्मा | | | ६, ४४ , ७७९.०० | | |
| | | | | व्यक्तिगत | | | | | |
| | | | | ०४/०१/२०७८ | प्रेम बहादुर थापा | २०७९/०३/३२ | २, ०० , ०००.०० | | |
| | | | | ०४/०१/२०७८ | कर्ण बहादुर तारामी | २०७९/०३/३२ | १, ०० , ०००.०० | | |
| | | | | ०४/०१/२०७८ | गणेश बहादुर गुरुङ | २०७९/०३/३२ | १, ५० , ०००.०० | | |
| | | | | ०४/०१/२०७८ | टिका थापा | २०७९/०३/३२ | १, ८६ , ७५०.०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०४/०१/२०७८ | प्रेम बहादुर थापा | २०७९/०३/३२ | ५, ५१ , ०००.०० | | |
| | | | | ०४/०१/२०७८ | युवराज शाही | २०७९/०३/३२ | ३०,०००.०० | | |
| | | | | जम्मा | | | १२, १७ , ७५०.०० | | |
| | | | | कुल जम्मा | | | ५७, ४६ , ९४७.०० | | |
| | | | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम (३७०००११६४) अन्तर्गत एक पालिका एक अस्पताल निर्माणको लागि धुलिखेल निर्माण सेवालाई दिइएको पेश्की रु. १,००,००,०००।०० फछ्र्योट गर्ने म्याद बाँकी रहेकोले उक्त रकम पेश्की वेरुजु कायम गरिएको छैन । | | | | | | |
| ३३ | | | **स्थानीय तहका पदाधिकारी सुविधा:-**<br>कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस वर्षको गरी रु. १,०९,४४,५२९.३३ सुविधा वापत भुक्तानी भएको छ । | | | | | | |
| ३४ | | | **दोहोरो सुविधाः**<br>कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को अनुसूचि बमोजिम पदाधिकारीले सेवा सुविधा उपलब्ध गराउने व्यवस्था छ । पालिकाले निम्नानुसार पदाधिकारीलाई सवारी सुविधा उपलब्ध गराएकोमा मासिक रु. १२,०००। का दरले यातायात सुविधा उपलब्ध गराएकोले रु.१,२०,०००।- ऐन विपरित भएकोले असुल गर्नुपर्ने रु. | | | | | | १२०,००० |

| **पद** | **नामथर** | **मासिकभुक्तानीरकम** | **जम्मा** |
|---|---|---|---|
| अध्यक्ष | भदे बुढामगर | १२००० | ६००००। |
| उपाध्यक्ष | अमृता सिहं | १२००० | ६००००। |
| | **जम्मा** | | **१२००००।** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>बरबुझारथः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३ (१) बमोजिम कुनै कर्मचारी सरुवा, बढुवा वा अवकाश वा अन्य कुनै कारणले कार्यालयबाट अलग भएमा जिन्सी सामान बरबुझारथ गर्नुपर्ने व्यवस्था छ । देहायका पदाधिकारले आफ्नो सेवा अवधि समाप्त भएको ८ महिनासम्म पनि देहायका मालसामान बरबुझारथ नगरेको हुँदा बरबुझारथ गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.<br>
<table>
<tr><th>पद</th><th>नाम र थर</th><th>जिन्सी सामान</th><th>रकम</th></tr>
<tr><td>अध्यक्ष</td><td>भदे बुढा मगर</td><td>ल्यापटप आई ७</td><td>९७०००।</td></tr>
<tr><td>उपाध्यक्ष</td><td>अमृता सिंह</td><td>ल्यापटप आई ७</td><td>९७०००।</td></tr>
<tr><td>३ नं.वडा अध्यक्ष</td><td>गगन रोका</td><td>डेल आई ५</td><td>६५०००।</td></tr>
<tr><td>८ नं.वडा अध्यक्ष</td><td>मोहन कुमार राना</td><td>डेल आई ५</td><td>६५०००।</td></tr>
<tr><td>७ नं.वडा अध्यक्ष</td><td>मोतिलाल बस्नेत</td><td>डिसहोम</td><td>२२०००।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३४६०००।</td></tr>
</table></td><td>३४६,०००</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>खाना तथा विविध खर्च –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना, खाजा तथा विविधतर्फ मात्र रु.१,७६,५६,९०८।२१ खर्च गरेको छ । यस्ता खर्चको मापदण्ड निर्धारण गरी मितव्ययी तवरले खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>सास्कृतिक कार्यक्रमः<br>ब्लड क्यान्सर लगायत अन्य रोगहरुबाट पिडित बालबालिका तथा अन्य दीर्घ रोगीहरुलाई छनौट गरी सहयोग गर्ने उद्देश्यका साथ सांस्कृतिक कार्यक्रम सञ्चालन गर्न पालिकाको आयोजनामा आर.जे.म्युजिक एण्ड मिडिया फिल्मस प्रा.लि.सँग सम्झौता गरी रु.२,५०,०००।०० भुक्तानी गरेको छ । सो कार्यक्रम सञ्चालन पश्चात प्राप्त भएको रकम सम्बन्धितलाई वुझाएको प्रमाण संलग्न भएको नदेखिएकोले सो कार्यक्रमको आम्दानी खर्च सहित सम्बन्धितलाई बुझाएको प्रमाण पेश गर्नुपर्ने रु..</td><td>२५०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>वितरणमुखी कार्यः<br>स्रोत साधनको परिचालन गर्दा महत्तम प्रभाव हुने तरिकाले दीर्घकालिन योजना बनाएर गर्नुपर्दछ। पालिकाले जेष्ठ नागरिक सम्मान कार्यक्रम विभिन्न कार्यक्रम अन्तर्गत रु.५,००,०००।०० वितरण गरेको छ । दीर्घकालीन प्रभाव नपार्ने कार्यक्रमहरु सञ्चालन गर्दा पालिकाको आर्थिक समुन्नतका साथै रोजगारी, उत्पादन तथा आन्तर निर्भरतामा प्रतिकुल असर पर्ने देखिएकोले वितरणमूखी कार्य नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>बिल भरपाईः<br>४-०७८।९।१२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार विल भरपाई सहित खर्च लेख्नुपर्दछ । पालिकाले सरस्वती इन्टरप्राइजेजवाट निम्नानुसार खरिद गरेको सामानको पालिकाको जिन्सी खातामा दाखिला नभएको तथा उक्त सामान खर्च भएको प्रमाण पेश नभएकोले उक्त खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम सम्वन्धितवाट असूल गर्नुपर्ने रु.
<table>
<tr><th>सामानको नाम</th><th>परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>फिल्टर २४ थान</td><td>२४ वथान</td><td>४२५</td><td rowspan="5">४९८१६०</td></tr>
<tr><td>फोटोकपी पेपर</td><td>२०० रिम</td><td>४८५</td></tr>
<tr><td>इन्डेक्स फाइल</td><td>२०० थान</td><td>२१५</td></tr>
<tr><td>कार्टिज</td><td>२९ थान</td><td>४१५०</td></tr>
<tr><td>कलर पेपर</td><td>१०० थान</td><td>७८५</td></tr>
</table></td><td>४९८,१६०</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>बिल भरपाई<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । जस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः</td><td></td></tr>
<tr><td>४०.१</td><td></td><td></td><td>१५२।०७९।०३।०७ राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगिता शीर्षक बाट मुख्यमन्त्री छनौट कपमा सहभागी भलिबल खेलाडी व्यवस्थापन खर्च श्री अम्मर बहादुर नाम्जाली मगरलाई भुक्तानी गरेकोमा खेल तालिका, फोटो तथा खेलाडी सहभागी भएको प्रमाण पेश नभएकोले खर्च पुष्ट्याई हुने देखिएन । खेलमा सहभागी भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.</td><td>८४,५८०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४०.२ | | | ८३।०७८।१२।२० पालिकाले जलबायु परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम अन्तर्गत के.सी अर्डर सप्लायर्सबाट १५ पिस होर्डिङ्ग बोर्ड, १५० पिस व्यानर खरिद गरेको छ । उक्त होर्डिङ बोर्ड तथा व्यानर कहाँ प्रयोग भएको हो भन्ने विवरण तथा फोटो संलग्न नगरेकोले होर्डिङ्ग बोर्डको अवस्था तथा औचित्य पुष्टि हुने आधार पेश हुनुपर्ने रु. | ४५०,००० |
| ४१ | | | **सार्वजनिक सम्पत्ति व्यवस्थान प्रणालीः**<br>नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७।०४।०७ र २०७७।०७।२० को निर्णयअनुसार संघ/प्रदेश/ स्थानिय तहका कार्यलयहरुले सरकारी सम्पतिको व्यवस्थापनमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) अनिवार्य रुपमा लागु गर्ने व्यवस्था गरेको छ । कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) प्रयोग गरेको छैन । अतः कार्यालयले सम्पूर्ण सार्वजनिक सम्पतिहरु (PAMS) अनिवार्य अभिलेख राख्नुपर्दछ। | |
| ४२ | | | **सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्नेः-**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । वडा कार्यलयले खरिद गरेको जिन्सी सामानहरु पालिकाको जिन्सी खातामा आम्दानी गर्न छुट देखिएको र जिन्सी निरीक्षण समेत नगरेकोले खरिद भएका, सहायता वा हस्तान्तरण भई प्राप्त भएका जिन्सी मालसामानको एकिन गरी आम्दानी बाँध्नुपर्ने देखिन्छ । | |
| ४३ | | | **सामाजिक परिचालकः**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या ०७४।७५/च. न. ४० (२०७४।१२।१३) को परिपत्रको वुदा नं ४ मा साविकमा उत्कृष्ट कार्य सम्पादन गरेका सामाजिक परिचालकहरु सेवा करारमा काम गर्न नआएमा नयाँ व्यक्तीलाई कार्यालय सहायक वा सामाजिक परिचालकका रुपमा नियुक्त नगर्ने, ०७५ असार मसान्त पश्चात सामाजिक परिचालकको लागि कुनै केन्द्रिय दायित्व नरहने उल्लेख छ । पालिकाले यस वर्ष ८ जना सामाजिक परिचालकलाई मासिक रु.१६,०००। र १ जनालाई रु. २१,५००। का दरले रु.२०,३३,५००। भुक्तानी गरेको छ । सामाजिक परिचालक राख्न नपाउने व्यवस्था विपरित सामाजिक परिचालक भुक्तानी भएकोले अनियमित भएको रकम रु. | २,०३३,५०० |
| ४४ | | | **शिर्षक फरक पारी खर्च लेखेकोः-**<br>आर्थिका कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा सम्बन्धित खर्च शिर्षकमा परेको वा खर्च गर्न बाँकी रहेछ भने बजेट खर्च गर्नुपर्ने र महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत र महालेखा नियन्त्रकको कार्यालयबाट जारी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । निम्न गोश्वारा भौचरबाट शीर्षक फरक पारी खर्च लेखेको हुँदा उक्त खर्च नियमित गर्नुपर्ने रु. | ४,४२९,४९६.६ |

| गो.भौ.नं र मिती | विवरण | खर्च लेखेको शिर्षक | लेख्नुपर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| ८५-०९/०८/२ | कृषिशाखा घरभाडा पौष महीना | न्यायिक समिति | घर भाडा | २८,०००. |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८ | | अनुदान | | ० | | |
| | | | | २४९-१२/२२/२०७८ | बडा न ८ कौलैसि, मन्दिर निर्माण शिव कैलाश मन्दिर निर्माणको रकमभुक्तानी | न्यायिक समिति अनुदान | सार्वजनिक निर्माण | ९५,०००.०० | | |
| | | | | २४९-१२/२२/२०७८ | बडा न ८ कौलैसि, मन्दिर निर्माण शिव कैलाश मन्दिर निर्माणको रकमभुक्तानी | न्यायिक समिति अनुदान | सार्वजनिक निर्माण | ९५,०००.०० | | |
| | | | | ३५५-०२/२४/२०७९ | बाहुनगाँउ चापाखेत टोल महावै थान निर्माण | न्यायिक समिति अनुदान | सार्वजनिक निर्माण | १,३९,८६९ | | |
| | | | | ३५९-०२/२५/२०७९ | चौराठास्वास्थ्य चौकीको पर्खाला निर्माण | न्यायिक समिति अनुदान | सार्वजनिक निर्माण | १,८९,९६२ | | |
| | | | | ३७१-०३/०२/२०७९ | वालुवाटारकृष्ण मन्दिर निर्माण | न्यायिक समिति अनुदान | सार्वजनिक निर्माण | १,४२,५०० | | |
| | | | | ३९६-०३/१३/२०७९ | शिवशक्ति मा वि सडक मर्मत | न्यायिक समिति अनुदान | सार्वजनिक निर्माण | १,८७,५६१ | | |
| | | | | ४०१-०३/१४/२०७९ | मलु प्रा वि भवनपखर्खाल निर्माण | न्यायिक समिति अनुदान | सार्वजनिक निर्माण | ३,२३,६७५ | | |
| | | | | ४०८-०३/१४/२०७९ | सल्लेरी राका टोल खापा बडा न २ | न्यायिक समिति अनुदान | सार्वजनिक निर्माण | ९०,८४२.० | | |
| | | | | ४३२-०३/१७/२०७९ | जगनाथमहावै धेरावार निर्माण | न्यायिक समिति अनुदान | सार्वजनिक निर्माण | १,८०,१५० | | |
| | | | | ४४४-०३/१७/२०७९ | सवारी साधन भाडा रविविध खर्च | न्यायिक समिति अनुदान | विविध खर्च | ५३,०७०.० | | |
| | | | | ४८७-०३/२३/ | चर्च मर्मत रआासउजे कुलो मर्मत | न्यायिक समिति | निर्मित सार्वजनिक सम्पतीको मर्मत संभार | २,८५,०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९ | | अनुदान | | ० | |
| | | | ४८७-०३/२३/ २०७९ | चर्च मर्मत रआसउजे कुलो मर्मत | न्यायिक समिति अनुदान | निर्मित सार्वजनिक सम्पतीको मर्मत संभार | ९४,१४१. ० | |
| | | | २७-०७८।०७। १६ | सवारी इन्धन खर्च | सवारी साधन मर्मत खर्च | इन्धन | ३४५२०. ६ | |
| | | | ५-०७८।८।३ | ल्यापटप खरिद | करार जनशक्ति व्यवस्थापन | मेसेनरी औजार खरिद | ६४३११ ९ | |
| | | | ६-०७८।८।९ | सर्जिकल मास्क र सेनिटाइजर | करार जनशक्ति व्यवस्थापन | कोभिड | ४९८६१ २ | |
| | | | ७-०७८।८।९ | इन्धन | करार जनशक्ति व्यवस्थापन | इन्धन | ४३००९ ४ | |
| | | | ११-०७८।९। १२ | एक्स रे फिल्म | करार जनशक्ति व्यवस्थापन | सर्जिकल सामग्री | २५५९० ० | |
| | | | १३- | विज्ञापन खर्च | करार जनशक्ति व्यवस्थापन | सुचना/ वज्ञापन प्रकासन | १७४८३ ० | |
| | | | शसर्त चालु २५०।०७९।३। २५ | विभिन्न स्थानमा भ्रमण गरेको खर्च | अनुगमन तथा भ्रमण खर्च | आयुर्वेद औषधालयको तलब भत्ता संचालन खर्च तथा कार्यालय वजेट | ४८७६५ ० | |
| | | | | **जम्मा** | | | 4429495. 6 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **भ्रमण खर्च :**<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु निम्न बमोजिम छन् | |
| ४५.१ | | | ५८।०७८।०९।१९ रोजगार संयोजक श्री सन्दिप वि.क. मिति २०७८।०९।०४ देखि ०९।१० सम्म भ्रमणको लागि काठमाडौं गएको भएतापनि काठमाडौंबाट मिति ०७८।०९।०७ मा नेपालगंज आएको, साथै २०७८।०९।०८ सम्म कार्यालयमा उपस्थित हुन सक्ने अवस्था हुदाँ समेत २०७८।०९।१० मा कार्यालयमा उपस्थित भएको भ्रमण बिल पेश गरेकोले २ दिनको भ्रमण खर्च वढी भुक्तानी दिएकोले उक्त रकम असूल गर्नुपर्ने रु. | ३,२०० |
| ४५.२ | | | ६२।०७८।०९।२० अधिकृत छैठौ श्री जगत बहादुर सिँहले जिल्ला भित्र तथा वाहिर तीन पटक भ्रमण गर्दा प्रत्येक पटक रु.२,०००।०० को दरले फुटकर खर्च समेत दावि गरी भुक्तानी भएको देखिएकोले उक्त रकम असूल गर्नुपर्ने रु. | ६,००० |
| ४५.३ | | | ७२।०७८।१०।२५ भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमण सुविधा लिने प्रयोजनको लागि भ्रमण गर्ने कुनै पदाधिकारी वा कर्मचारीले झुट्टा विवरण पेश गरी भुक्तानी लिएको ठहरेमा झुट्टा विवरण पेश गरी भुक्तानी लिएको रकमको दोब्बर रकम असूल गर्ने व्यवस्था छ । नाक, कान, घाँटी सम्बन्धी स्क्रिनिङ्ग गर्ने कार्यक्रमको लागि मिति ०७८।०९।१९ देखि ०७८।०९।२१ सम्म प्रमुख प्रशाकीय अधिकृत श्री भुपेन्द्र शाहीबाट भ्रमण आदेश स्विकृत गराई भ्रमाण भत्ता भुक्तानी लिएको तर हाजिरी रजिष्टरमा हाजिरी देखिएकोले भ्रमण गएको देखिएन । यसरी भ्रमण नगई भ्रमण भत्ता लिने पदाधिकारीबाट भुक्तानी भएको रु.३,६००।- को दोब्बर रकम असूल गर्नुपर्ने रु..... | ७,२०० |
| ४५.४ | | | त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>सवारी भाडाः<br>गाउँपालिकाको कामकाज प्रयोजनका लागी २ वटा सवारी साधन खरिद गरी संचालन गरेको छ भने वडा कार्यालयहरुमा मोटरसाईकल खरिद गरि हस्तान्तरण गरेको छ । पालिकाले सो वाहेक कार्यालय कामकाजको प्रयोजन तथा कार्यालयको सामाग्री ओसारपसार गर्नको भनि देहायका विभिन्न व्यक्ति तथा फर्म सँग सम्झौता गरी सवारी साधन भाडामा लिएको देखिन्छ । पालिकामा आवश्यक सवारी साधन हुदाँहुदै छुट्टै थप गाडी भाडामा लिई कर्मचारी तथा पदाधिकारीले प्रयोग गरेको तथा पालिकासम्म सामान ढुवानीको लागि पटकै पिच्छे भाडा भुक्तानी गरेको हुँदा पालिकामा भएको सवारी साधन पनि प्रयोग गरी इन्धन खर्च गरेको देखिएको र भाडामा समेत राखी खर्च गरेकोले उक्त खर्च दोहोरो परेको देखिएकोले भाडा सम्झौता गर्ने पदाधिकारी तथा भुक्तानी गर्ने लेखा प्रमुख समेतलाई जिम्मेवार बनाउनु पर्दछ साथै उक्त भाडा खर्च अनियमित देखिएको रु..
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>भुक्तानी पाउने</th><th>भुक्तानी रकम (बहाल रकम कट्टा गरेर)</th></tr>
<tr><td>३१-०७८।०७।१६</td><td>हरि बहादुर थापा</td><td>२२७२५०</td></tr>
<tr><td></td><td>दुर्गा प्रसाद न्यौपाने</td><td>८७३००</td></tr>
<tr><td></td><td>धन बहादुर गुरुङ</td><td>७२९००</td></tr>
<tr><td></td><td>टीकाराम थापा</td><td>२८८००</td></tr>
<tr><td></td><td>पूर्णबहादुर चन्द</td><td>९९००</td></tr>
<tr><td></td><td>विरबहादुर खत्री</td><td>१४४००</td></tr>
<tr><td>१४१-०७८।०९।२०</td><td>दिपेन्द्र कार्की</td><td>६८८५००</td></tr>
<tr><td>९५-०७८।०९।१२</td><td>मा मनाकामना इन्टरप्राइजेज</td><td>३०४३९५</td></tr>
<tr><td></td><td>युनिक टुर एण्ड ट्राभल्स सेवा</td><td>५७००००</td></tr>
<tr><td>७-०७८।९।२०</td><td>पञ्चकोशी रिजर्भ सेवा</td><td>६९३०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६९६४४५</td></tr>
</table></td><td>२,६९६,४४५</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>ढुवानी भाडा –</td><td>६७६,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | साझेदार कार्यक्रममा सम्वन्धित सवै पक्षको लागत सहभागिता हुनुपर्दछ । पालिकामा ग्रामिण जलस्रोत साझेदार कार्यक्रम अन्तरगत कृषकहरुलाई सिलपोलियन टनेल, सरल थोपा सिचाँई तथा स्पेयर ट्याङकी लगायतको सामान खरिद गरी वितरण गर्दा ढुवानी वापत रु.१,३६,०००.०० भुक्तानी गरेको छ । साझेदारी कार्यक्रममा कृषकको समेत लागत सहभागीता हुनुपर्नेमा प्रत्येक किसानलाई रु.२,०००।०० का दरले ढुवानी भाडा भुक्तानी गरेको देखिएकोले कृषकको लागत सहभागिता भएको देखिएन । साथै कार्यालयले सामान खरिद गर्दा सप्लायर्सले उक्त सामान कार्यालयसम्म पुर्‍याउने गरी दर कवोल गरेको हुनाले उक्त सामानको ढुवानी खर्च भुक्तानी गर्न मिल्ने आधार नदेखिएकोमा पालिकाले विभिन्न कोटेशन मार्फत खरिद गरेको सामान ढुवानी वापत रु.५,४०,०००।०० खर्च लेखेको छ । यसरी सामग्री लाभग्राहीलाई वितरण गर्ने कार्यक्रममा भाडा वापत थप खर्च लेखेको नियम सम्मत नदेखिएको रु | |

| भौ नं | विवरण | रकम | निम्न वडाको कार्यक्रममा ढुवानी |
| --- | --- | --- | --- |
| ३ | १३ जना किसानलाई २००० का दरले भुक्तानी | ४०००० | वडा नं ६ मा सामान वितरण |
| | किसानलाई २०००। ४००० का दरले भुक्तानी | ४८००० | |
| | जलस्रोत अधिकृत लोक ब बोगटीलाई भाडा भुक्तानी | ४८००० | |
| ८ | जलस्रोत अधिकृत लोक ब बोगटीलाई भाडा भुक्तानी | ४०००० | वडा नं ५ |
| | " | ४०००० | वडा नं १ |
| | " | ४०००० | वडा नं ६ |
| | " | ४०००० | वडा नं ६ |
| | " | ४०००० | वडा नं २ |
| | " | ४०००० | वडा नं ४ |
| ५३ | " | ५०००० | वडा नं ३ |
| | " | ५०००० | वडा नं २ |
| | " | ५०००० | वडा नं ३ |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| | " | ५०००० | वडा नं ६ |
| | " | ५०००० | वडा नं ६ |
| | " | ५०००० | वडा नं ४ |
| | जम्मा | ६७६००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **भिडियो डकुमेन्ट्री खर्च –** स्थानीय आर्थिक, सामाजिक, प्राकृतिक, सांस्कृतिक क्षेत्रको प्रचार प्रसार पालिकाले स्पष्ट विषयवस्तु तयार पारी सो विषयको सम्वन्धमा डकुमेन्ट्री तयार गर्ने भएमा सोको उद्वेश्य अनुरुप स्थानीय तथा राष्ट्रिय स्तरमा अडियो भिजुअल प्रसारण हुनुपर्दछ । पालिकाले विभिन्न विषय समेटेर प्रोफाइल तयार पार्ने तथा सोको प्रचार प्रसार गर्नुपर्नेमा एकै किसिमको विषय वस्तुमा धेरै परामर्श खरिद गरी खर्च गरेको देखियो । साथै उक्त परामर्शदाताले तयार पारेको डकुमेन्ट्री हालसम्म पनि कुनै माध्यमवाट प्रकाशन तथा प्रसारण भएको प्रमाण पेश नभएकोले उक्त प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम कार्यालय प्रमुख तथा लेखा प्रमुखवाट असूल हुनुपर्ने रु..... | १,५८८,८१८ |

| सि नं | कृयाकलाप | सेवा प्रदायक | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | लघु चलचित्र निर्माण | आर.जे म्युजिक एण्ड मिडिय फिल्मस प्रा.ली | २५०००० | कुनै पनि माध्यमवाट प्रसारण भएको नदेखिएको |
| २ | द्वारी झरणा प्रचार प्रसार तथा प्रवर्द्धनका लागि वृत्तचित्र निर्माण | काक्रेविहार मिडिया | २१०००० | कुनै पनि माध्यमवाट प्रसारण भएको नदेखिएको |
| ३ | द्वारी झरणा प्रचार | आशिका मिडिया | २२६८१९ | कुनै पनि माध्यमवाट प्रसारण भएको नदेखिएको |
| ४ | कार्यालय स्थापना पश्चातको सफलताको कथा | प्रदेश विज्ञापन एजेन्सी | २९६४९९ | कुनै पनि माध्यमवाट प्रसारण भएको नदेखिएको |
| ५ | कोभिड सम्वन्धि सुचना प्रकासन | मातृभुमि संचार गृह | ३३५५०० | कुनै पनि माध्यमवाट प्रसारण भएको नदेखिएको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ६ | पालिकाको सफलताको कथा पुस्तक छपाई | मातृभुमि संचार | १३५००० | कुनै पनि माध्यमवाट प्रसारण भएको नदेखिएको | |
| | | | ७ | जल, जमिन, जडिवुटिको पहिचान सम्भावना सम्पदा संस्कृति, भाषाशैली, फिचर भिडियो | यश संचार गृह | १३५००० | कुनै पनि माध्यमवाट प्रसारण भएको नदेखिएको | |
| | | | | जम्मा | | १५८८८१८ | | |
| ४९ | | | **असम्बन्धित भुक्तानीः**<br>सार्वजनिक खरिद नियमावली वमोजिम खरिद कार्य गर्दा खरिदका लागि छनौट भएको संस्थासँग कार्य गराई सोही संस्थालाई भुक्तानी गर्नुपर्दछ । पालिकाले आर्थिक, सामाजिक, प्राकृतिक, साँस्कृतिक क्षेत्रको प्रचार, प्रसार तथा पर्यटन प्रवर्द्धन गर्न कोटेशन मार्फत पंचकोशी ज्वाला युवा प्रतिष्ठानसँग सम्झौता भएकोमा उक्त कार्यको भुक्तानी कोटेशन समेत पेश नभएको जेम मिडिया ट्रेनिङ्ग एण्ड रिसर्च सेन्टर प्रा.लि.लाई भुक्तानी भएको देखिएकोले सो सम्वन्धमा छानविन हुनुपर्ने रु. | | | | | १९८,०४३ |
| ५० | | | **परामर्श सेवाः**<br>२४-०७९।३।२८पालिकाले धार्मिक ऐतिहासिक र प्राकृतिक पर्यटकीय तथा पुर्वाधार विकास, शिक्षा, स्वास्थ्य, रोजगारी लगाय स्थलगत अध्ययन, अवलोकन र अनुसन्धान परामर्शदातावाट गर्न लागत अनुमान रु.५,००,०००।०० तयार पारेकोमा कोटेशन मार्फत न्यून कवोल गर्ने नौमुले पोष्टसँग रु.४,५०,०००।०० मा सम्झौता गरL कार्यदिश दिएको देखियो । उक्त कार्यको भुक्तानी गर्दा कोटेशन पेश गर्ने मध्ये मातृभुमी संचार केन्द्र नेपाललाई नौमुले पोष्टसँग भएको सम्झौता वमोजिम नै भुक्तानी गरेको देखिएकोले सम्झौता गर्ने कार्य तथा भुक्तानी अन्य फर्मलाई भएको सम्वन्धमा छानविन हुनुपर्ने रु. | | | | | ४४९,९६६ |
| ५१ | | | **ल्यापटप खरिदः**<br>५४।०७८।०९।१४ कार्यालयले Accer I5 (86b 512 GB SSID, 11 Gen Graphic)२ वटा ल्यापटप माँ मनकामना इन्टरप्राइजेज एण्ड सप्लायर्सबाट कोटेशन बिना सोझै खरिद गरी रु. २,४४,०८०.०० खर्च लेखेको छ । कार्यालयको खप्ने खातामा १ वटामात्र ल्यापटपको दाखिला गरेको देखिएकोले बाँकी एक ल्यापटप खरिद भएको आधार नदेखिएकोले उक्त रकम असूल गर्नुपर्ने रु. | | | | | १०८,००० |
| ५२ | | | **छात्रवृत्तिः**<br>कुनै पनि कार्यक्रम सञ्चालन गर्दा ऐन, नियम, कार्यविधि तथा अन्य कानुन बमोजिम गर्नुपर्दछ । पालिकाले जेहेन्दार छात्र/छात्रावृत्ति अनुदान शीर्षकबाट वडाको सिफारिसको आधारमा काठमाण्डौ युनिभर्सिटी स्कूल अफ साइन्स मेडिकल कलेजमा एम. बि बि. एस. अध्यायनरत सागर गुरुङ्गलाई प्रत्येक वर्ष ६ लाख छात्रवृत्ति दिने र अध्यायन पश्चात २ वर्ष पालिका अन्तर्गतको स्वास्थ्य संस्थामा सेवा प्रवाह गर्ने गरी सम्झौता गरेको छ । सो सम्बन्धमा कुनै पनि कानुन तथा कार्यविधि निर्माण गरेको छैन । कुनै पनि कानूनी प्रक्रिया पुरा नगरी उक्त रकम भुक्तानी भएकोले अनियमित भएको रु. | | | | | ६००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>चेनेज फरकः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) बमोजिम निर्माण सम्झौता अनुसार नापजाँचका आधारमा भुक्तानी दिनुपर्नेमा निम्न ठेक्काहरुमा स्वीकृत लागत अनुमानको भन्दा फरक चेनेजको नाँप उठाई रु.३९,०५,७०८।- भुक्तानी दिएको देखिएकोले फरक चेनेज सम्बन्धमा यकिन गरी पुन बिल मुल्याङ्कन एवं नापजाँचका आधारमा भुक्तानी हिसाब गरी वढी भुक्तानी भएको भए असूल फछ्र्योट भएको प्रमाण पेश गर्नुपर्ने रु<br><table><tr><th>ठेक्का नं</th><th>सम्झौता चेनेज</th><th>नाप अनुसार चेनेज</th><th>निर्माण व्यवसायी</th><th>हल सम्मको भुक्तानी</th></tr><tr><td>५।०७७।०७८</td><td>५+०४० देखि ८+१३०</td><td>०+६३० देखि ३+०३५</td><td>सत्यवादी निर्माण सेवा</td><td>३०६२६८६</td></tr><tr><td>७।०७७।०७८</td><td>०+०००-०+६९०</td><td>०+३०० देखि ३+२०७</td><td>त्रिवेणी निर्माण सेवा</td><td>८४३०२२</td></tr></table></td><td>३,९०५,७०८</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन –<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । पालिकाले उल्लेखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>सार्वजनिक परीक्षण –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>गुणस्तर परीक्षण –<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ र ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान तथा निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **खरिद अभिलेखः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा हरेक खरिद कारबाहीको लागि छुट्टा छुट्टै फाइल खडा गरी लागत अनुमान, पूर्व योग्यता निर्धारण, बोलपत्र सम्बन्धी कृयाकलाप लगायत खरिद संझौता देखि सम्पन्न प्रगति प्रतिवेदन समेत वनाई फाइल पञ्जिका समेत तयार गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले सवै खरिदको फाइल तयार नगर्ने गरेको, तयार गरेको फाइलमा सम्बन्धित सवै कागजात नराखि पञ्जिका समेत तयार नगर्ने गरेको देखिएको छ । यसबाट खरिद सम्बन्धी पूर्ण विवरण उपलब्ध नहुने, प्रमाण कागजात एकिकृत नहुने लगायतका कारणबाट खरिद कार्य प्रभावकारी देखिएन । नियमको उक्त व्यवस्था अनुसार खरिद अभिलेख/फाईल व्यवस्थापन गर्नुपर्दछ । | |
| ५८ | | | **बार्षिक खरिद योजना/गुरुयोजना :**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३,०४,१२,९८६.०० पूँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ५९ | | | **योजना छनौट र कार्यान्वयन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना, २०७८/७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br>रु १ लाख सम्म: ७२; रु १ लाख देखि २ लाखसम्म: ६०; रु २ लाखदेखि ५ लाखसम्मका: १३; रु ५लाख देखि १० लाखसम्मका: ६; रु १० लाखभन्दा बढीको: ७; जम्मा: १५८<br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा १५८ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ७२ वटा र दश लाख माथिका जम्मा ७ मात्र रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्थातर्फ ध्यान दिनु पर्दछ । | |

Nested table in item ५९:

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ७२ | ६० | १३ | ६ | ७ | १५८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **१५ शैया अस्पतालः**<br>नेपाल सरकारले घोषणा गरेको एक पालिका एक अस्पताल कार्यक्रम अनुसार १५ शैयाको अस्पताल निर्माणको लागि निर्माण व्यावसायी धुलिखेल निर्माण सेवा सँग रु. ९,९०,६४,४१८।१५ मा ठेक्का नं ६।०७७।०७८ बाट २४ महिनामा निर्माण सम्पन्न गर्ने गरी ०७८।०६।११ मा सम्झौता भएको देखियो । सम्झौताको १४ महिना व्यतित हुदाँसम्म निर्माण स्थल तयार गर्ने बाहेक अन्य काम भएको छैन । भवनको विस्तृत लागत तयार गर्ने परामर्शदाता यस.वि. इन्जिनियरिङ्ग सोलुशन प्रा,लिले तयार गरेको भवनको ड्रइङ्ग, नाँप र जग्गाको अवस्थिति फरक परेको कारण स्थान विवाद भई निर्माण शुरु हुन नसकेको कार्यालयले जनाएको छ ।<br>निर्माण व्यवसायीसँग भएको सम्झौताको सामान्य शर्त ५७.१ मा अधिकतम १० प्रतिशत रकम दुई किस्ता गरी दिन सकिने उल्लेख भएपनि निर्माण व्यवसायीलाई रु.१ करोड पेश्की उपलब्ध गराएकोमा निर्माण कार्यको सम्झौता अनुसार बिमा प्रमाण, स्वीकृत ड्रइङ्ग र ठेक्का फाइल पेश भएन । निर्माण कार्य तालिका प्राप्त नभएबाट निर्माण कार्यको थप विश्लेषण गर्न सक्ने अवस्था रहेन । निर्माण ढिलाई हुनाका कारण विश्लेषण गरी समस्याको पहिचान गरी संलग्न पदाधिकारीलाई जिम्मेवार बनाई नियमितता पूर्वक समयमा निर्माण सम्पन्न गर्नेतर्फ सम्बन्धित सबैले निगरानी गर्नुपर्दछ । | |
| ६१ | | | **फर्माको वढी भुक्तानी –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार लाभग्राही सामुदायसँग निर्माण कार्य गराई भुक्तानी गर्दा प्राविधिकले नापजाँच गरी तोकिएको दरमा भुक्तानी गर्नुपर्दछ । पालिकाले भुर्सुखोला दोभान कुलो निर्माणको लागि मुल्यांकन रु.४७,५६,६१६।- भएकोमा पालिकाले रु.४० लाख व्यहोर्ने गरी उपभोक्ता समितिसँग सम्झौता भएको देखियो । उक्त निर्माण कार्यमा प्रयोग भएको फर्मा प्रति वर्गमिटररु.५११।- का दरले ७२.८९ वर्गमिटरको रु.३२,१६७।- भुक्तानी हुनुपर्नेमा रु.१,८५,९२४।- भुक्तानी भएकोले वढी भुक्तानी भएको रु.१,५३,७५७।- असूल हुनुपर्ने रु. | १५३,७५७ |
| ६२ | | | **एक पालिका एक खेल मैदान –**<br>संघीय विशेष कार्यक्रमको एक पालिका एक खेलकुद मैदान अन्तरगत पालिकाले लागत अनुमान रु.५१,५९,०७४।- भएको खेल मैदानमा संघीय सरकारवाट रु.३५ लाख, पालिकावाट रु.१० लाख ५० हजार तथा वाँकी उपभोक्ताले व्यहोर्ने गरी सम्झौता भएकोमा यस वर्ष संघीय वजेट रु.३२,२१,३८६।- मात्र भुक्तानी गरेको छ । सोही खेल मैदानमा वार्षिक रुपमा वजेट आउने गरेको र पालिकाले विस्तृत अध्ययन प्रतिवेदन तयार नगरी वार्षिक रुपमा पटके रुपमा लागत अनुमान तयार गरी निर्माण कार्य गराउँदा उक्त निर्माण कार्यको के कति कार्य सम्पन्न भएको र कति वाँकी रहेको एकिन नहुने भएकोले विस्तृत अध्ययन प्रतिवेदन तयार गरी एकमुष्ट लागत अनुमान तयार गरी मात्र कार्य अगाडी वढाउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६३</td><td></td><td></td><td>पूर्वनिर्धारित क्षतिपूर्तिः<br>सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२१ बमोजिम बमोजिम समयमा निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सम्झौता अनुसार प्रतिदिन शुन्य दशमलव शुन्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने व्यवस्था छ । निम्न अनुसार ठेक्कामा निर्माण व्यवसायीले ठेक्का सम्झौता गरी अधुरो छोडेको पाइएकोले निर्माण व्यवसायीसँग भएको संम्झौता अनुसार दैनिक शुन्य दशमलव शुन्य पाँच वा संम्झौता रकमको १० प्रतिशत मध्ये न्यूनतम रकम पूर्वनिर्धारीत क्षतिपूर्ति असुल गर्नुपर्ने रु.
<table>
<tr><th>ठेक्का नं</th><th>सम्झौता</th><th>रकम</th><th>सम्पन्न गर्नुपर्ने</th><th>निर्माण व्यवसायी</th><th>सडकको नाम</th></tr>
<tr><td>१।०७८।०७९</td><td>०७८।०९।२०</td><td>२५६९३७३।४५</td><td>०७९।०३।३०</td><td>यनयस विल्डर्स</td><td>नौफेरी ठुलो चम्लाया कागते भावर सैनी सडक</td></tr>
<tr><td>२।०७८।७९</td><td>०७८।०९।२०</td><td>२६९७२२५।६०</td><td>०७९।०३।३०</td><td>यनयस विल्डर्स</td><td>नौमुले द्धारी छिहिरा जैसी डाँडाँ गोपेनी</td></tr>
<tr><td></td><td></td><td>५२६६५९९।०५</td><td></td><td></td><td></td></tr>
</table></td><td>५,२६६,५९९.०५</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>राले कुलो निर्माण खर्चः<br>उपभोक्ताले सम्पन्न गरेको कामको नापजाँच अनुसार विल तयार गरी सो आधारमा भुक्तानी हुनुपर्नेमा प्राविधिकबाट राले कुलो निर्माण उपभोक्ता समितिको ३०० मिटर पाइप जोड्ने, खन्ने, पुर्ने कामको भुक्तानी गरेकोमा उपभोक्ता समितिले जम्मा २५० मिटर पाइपमात्र खरिद गरेको बिल संलग्न गरेको कारण २५० मिटर भन्दा वढी काम नहुने अवस्था देखिएकोले प्राविधिकबाट ५० मिटर वढी कामको नाँप देखाई भुक्तानी दिएको रु. ४,३५०।०० गलत नाँप देखाउने प्राविधिकबाट असुल गर्नुपर्ने रु.</td><td>४,३५०</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>सिमा भन्दा वढीको सोझै खरिदः<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष शसर्त चालु तथा पूँजीगतवाट निम्नानुसारको वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाई निम्नानुसार रु. १,०६,८८,४९८।- को सोझै खरिद गरेको देखियो । सिमाभन्दा वढी रकमको खरिद एउटै सप्लायर्सवाट टुक्रापारी पटक पटक खरिद गरेको नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ नं</th><th>योजना तथा कृयाकलापहरु</th><th>निर्माण व्यवसायी</th><th>खर्च रकम</th><th>कैफियत</th></tr>
<tr><td>३</td><td>प्लाष्टिक टनेल खरिद</td><td>जगनाथ एग्रोभेट सेन्टर दैलेख</td><td>४९८०००</td><td>शसर्त पुजीगत</td></tr>
<tr><td></td><td>"</td><td>"</td><td>४७६५२०</td><td></td></tr>
<tr><td></td><td>"</td><td>"</td><td></td><td></td></tr>
</table></td><td>१०,६८८,४९८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ४९८००० | | |
| | | | ८ | प्लाष्टिक टनेल खरिद | केदार एग्रो एण्ड अर्डर सप्लायर्स दैलेख | ४९८००० | | |
| | | | | " | " | ४९८००० | | |
| | | | | " | " | ४९८००० | | |
| | | | | " | " | ४९८००० | | |
| | | | | " | " | ४९८००० | | |
| | | | | " | " | ४९८००० | | |
| | | | ५३ | ग्राफ्टिङ नाइफ, टेप , सिजरिङ , मेसिन तथा सिकेजर लगायत कृषि औजार | जगनाथ एग्रोभेट सेन्टर दैलेख | ४९६२५० | शसर्त चालु | |
| | | | | " | " | ४९६२५० | | |
| | | | | " | " | ४९६२५० | | |
| | | | | " | " | ४९६२५० | | |
| | | | | " | " | ४९६२५० | | |
| | | | | " | " | ४९६२५० | | |
| | | | ५९-०७८/०८/१५ | विभिन्न सामाग्रि छपाई | सरस्वती इन्टरप्राइजेज | ४९७१७१.७५ | | |
| | | | | विविध सामग्रि खरिद | सरस्वती इन्टरप्राइजेज | ३५८३२३ | | |
| | | | | झोला खरिद | सरस्वती इन्टरप्राइजेज | ४००५८५ | | |
| | | | | स्टेसनरी सामान | सरस्वती इन्टरप्राइजेज | ४९७७१९.८ | | |
| | | | २२६-०७८।११। | स्टेशनरी सामान खरिद | सरस्वती इन्टरप्राइजेज | ४९९९०६.३५ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २६ | स्टेशनरी सामान | सरस्वती इन्टरप्राइजेज | ४९९६२९.५ | | |
| | | | ४३-०७८।११।१९ | स्टेशनरी तथा विविध | सरस्वती इन्टरप्राइजेज | ४९७१४३ | | |
| | | | | जम्मा | | १०६८८४९८।<br>४० | | |
| ६६ | | | **सवारीसाधन खरिद –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान दुई पांग्रे सवारी साधन खरिदमा रु.८,१०,०००।- बजेटबाट खर्च गरेको छ । निर्देशिकाको पालना नगरी समानीकरणबाट सवारी खरिदमा संलग्न पदाधिकारीलाई जिम्मेवार वनाई यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ । | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **नन्फाइलरः**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट देहायका फर्मलाई मूल्य अभिबृद्धि कर रु.१,६४,८५९।३८ समेत रु.१४,२८,५२४।३३ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन् ्फाईलर रहेकोले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | १६४,८५९.३८ |

| गोभौनं./मिति | भुक्तानी पाउने फर्मको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| ४६५-०७९।०३।१९ | के.सी. अर्डस सप्लायर्स | ६०३४५२१०३ | ३३७१०१।६० | ३८७८१.६० | २०७८।M।८ |
| | | | १६०१२१ | १८४२१ | २०७८।M।८ |
| | | | ४२७१४० | ४९१४० | २०७८।M।८ |
| | | | ७०१०५।२० | ८०६५ | २०७८।M।८ |
| २९२-०७८।१२।३० | धमाका राष्ट्रिय दैनिक | ३००८१९८४९ | १०५६५५ | १२१५५ | २०७८।M।८ |
| | धमाका राष्ट्रिय दैनिक | | ४९०८१.५५ | ५६४६.५५ | २०७८।M।८ |
| | धमाका राष्ट्रिय दैनिक | | ४७९२५.१० | ५५१३.५ | २०७८।M।८ |
| | धमाका राष्ट्रिय दैनिक | | ७०५९६.७५ | ८१२१.७५ | २०७८।M।८ |
| | धमाका राष्ट्रिय दैनिक | | २४५८७.८३ | २८२८.६८ | २०७८।M।८ |
| | धमाका राष्ट्रिय दैनिक | | ३४५१०.३ | ४४८६.३ | २०७८।M।८ |
| ४१-०७८।०८।०३ | धमाका राष्ट्रिय दैनिक | | १०१७०० | ११७०० | २०७८।M।८ |
| | **जम्मा** | | **१४२८५२४.३३** | **१६४८५९.३८** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **लागत सहभागिता—**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिकोतर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ६९ | | | **प्रदेश समानिकरणः**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम (१३क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । छारीकुम्ठा रमाल डाँडा साना टोल वयलकाटी सल्लेरी मोटरवाटो निर्माण गर्न लागत अनुमान रु.१६,१०,००१।- भएकोमा पालिकाले रु.१५ लाख व्यहोर्ने उल्लेख भएकोमा उक्त कार्यको प्राविधिक मुल्यांकन रु.१५,९५,११४।- पेश भएको छ । निर्माण कार्यमा डोजर प्रयोग वापत लाभग्राही सामुदायले वंडाली कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई रु.१३,७१,१८२।- अर्थात ८६ प्रतिशत कार्य निर्माण व्यवसायीले गरेको देखिएकोले उक्त कार्य लाभग्राही सामुदायलाई दिनु उचित देखिएन । साथै उक्त कार्यमा हेभि मेशिन प्रयोग गर्ने सिफारिस वेगर मेशिन प्रयोग गरेको नियम सम्मत देखिएन । | |
| ७० | | | **सव कन्ट्याक्टरबाट काम गराएको :**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१३क) को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले देहायको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ । | |

| क्र.सं. | कामको नाम | निर्माण व्यवसायी | भुक्तानी | रकम |
|---|---|---|---|---|
| १ | मारङ्गी धनिगाँउ राडली सडक | वंडाली कन्स्ट्रक्सन | १३९८२६४ | १२५२६३६ |
| २ | ठाडोखोला लेकतोली दलित टोल | वंडाली कन्स्ट्रक्सन | १८९९०४ | १८९९०४ |
| ३ | ५ नं वार्ड सडक निर्माण | उत्तम निर्माण सेवा | २८३६२२ | २८३६२२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७१</td><td></td><td></td><td>प्राविधिक बिल र कार्य सम्पन्नः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ्ग नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>कार्यसम्पन्न  र बिलः<br>निर्माण कार्यमा भएको बिलभरपाई र नापँमा सामन्जस्यता हुनुपर्नेमा उत्तिसेनी खानेपानी मर्मत उपभोक्ता समितिलाई रु. ३,३२,२७३।- प्राविधिक नाँप अनुसार भुक्तानी भएकोमा कार्य सम्पन्न प्रतिबेदनमा ५६० मिटर पाइप रु. ७४.८९।०० को दरले रु. ४१,९३६।- देखाएकोमा उपभोक्ता समितिले उक्त पाइपको विल संलग्न नगरेबाट पाइप खरिद नै भएको देखिएन । यसले प्राविधिकले वास्तविक नापँ अनुसार कार्य सम्पन्न प्रतिबेदन बनाएको प्रति आश्वस्त नहुने देखिएकोले नापी लिने र बिल भरपाई भिडान गर्ने कार्यमा सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्तिः<br><br>:<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका ४९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि. नं .</th><th>विद्यालयको तह</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>उच्च माध्यमिक तह</td><td>४</td><td>४</td><td>४</td><td>४००</td></tr>
<tr><td>२</td><td>माध्यमिक तह</td><td>९</td><td>७</td><td>१११</td><td>६५०</td></tr>
<tr><td>३</td><td>निम्न माध्यमिक तह</td><td>१६</td><td>१६</td><td>१</td><td>१७०७</td></tr>
<tr><td>४</td><td>प्राथमिक तह</td><td>९१</td><td>९१</td><td>३०</td><td>२८६९</td></tr>
</table>
शिक्षा ऐन, नियमावलीले निर्धारण गरेअनुसार विद्यार्थी शिक्षक अनुपात मिलाई दरवन्दी मिलान गर्नुपर्दछ । साथै दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **वढी तलब निकासाः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, लेखतोलीबाट प्रा.वि. तृतिय शंकरदेव शाही मिति ०७८।६।६ मा रमाना भई गएकोमा कार्तिक सम्मको तलब भत्ता सो विद्यालयमा निकासा गरेकोले वढी निकासा भएको रकम विद्यालयबाट संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने रु. | ९५,२६२ |
| ७५ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.२,२०,८०,६५३।०० तलब भत्ता भुक्तानी गरेकोले अनियमित देखिएको रु. | २२,०८०,६५३ |
| ७६ | | | **वढी ग्रेड भुक्तानीः**<br>तलबी प्रतिबेदनमा पारित भन्दा वढी नहुने गरी तलब तथा ग्रेडको रकम भुक्तानी गर्नुपर्दछ । पालिकाले निम्न विद्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको तलब भुक्तानी गर्दा स्वीकृत भन्दा वढी ग्रेड संख्या बराबरको रकम भुक्तानी गरेकोले उक्त वढी ग्रेडको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु. | ४३,९९० |

| क्र सं | कार्यरत | पद | नाम | वढी ग्रेड | महिना | दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | बालुवाटार उपस्वास्थ्य चौकी | अहेब | तिलक प्रसाद अधिकारी | १ | १२ | ९५४ | ११४४८ |
| २ | ने रा मा वि आलेगाउँ | प्रावि तृतिय | गंगा कुमारी थापा जैसी | १ | १३ | ९५४ | १२४०२ |
| ३ | भवानी प्रा वि राईली | | ललित ब मल्ल | १ | १० | १००७ | १००७० |
| ४ | ने रा आ वि तौली | प्रा वि द्वितिय | सुरत बहादुर जिसी | २ | ५ | १००७ | १००७० |
| | जम्मा | | | | | | ४३९९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७७ | | | **कक्षा ८ परीक्षा सञ्चालनः**<br>१४७।०७९।०२।२६ शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा कक्षा ८ को परिक्षा संचालन तथा प्रमाणिकरणको लागि प्रतिविद्यार्थी वार्षिक रु.२५०।- उपलब्ध गराउनुपर्ने व्यवस्था छ । नौमुले गाउँपालिका अन्तर्गत कक्षा ८ मा अध्यन गर्ने विद्यार्थीको संख्या IEMIS रेकर्डमा ६५० विद्यार्थी भएकोले जम्मा रु.१,६२,५००।०० खर्च गर्न सकिनेमा प्रा स श्री देवेन्द्र बहादुर कठायतले परीक्षा संचालनको लागि कर बाहेक रु.२,३५,६०१।०० खर्च गरेकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ७३,१०१ |
| ७८ | | | **विद्यालय कर्मचारी वढी निकासाः**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप १.१.४.१ मा प्रारम्भिक बालविकास केन्द्र यकिन गरी प्रत्येक सामुदायिक विद्यालयमा १ जना बाल विकास सहजकर्ताको पारिश्रमिक रु.८,०००।०० र प्रत्येक माध्यमिक विद्यालयमा विद्यालय सहायक कर्मचारीको लागी मासिक रु. १३,५००।०० का दरले १३ महिना बराबरको पारिश्रमिक उपलब्ध गराउने तथा नेपाल सरकारले निर्धारण गरेबमोजिम न्यूनतम पारिश्रमिक रु.१५ हजार भन्दा कम हुन आउने रकम सम्बन्धित स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था छ । पालिकालेले थप गर्नुपर्ने रु.१०,०४,५००।- समेत शसर्त अनुदानबाट नै खर्च लेखेकोले उक्त रकम संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने रु | १,००४,५०० |
| ७९ | | | **दिवा खाजा**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका (आ. व. २००७८।०७९) मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु. १५।- का दरले विद्यालयलाई अनुदान दिने र विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कको आधारमि कक्षागत विद्यार्थीहरुको दिवा खाजा व्यवस्थापन वापत रु.६५ लाख ८३ हजार निकासा गरेको छ । IEMIS रेकर्डको आधारमा निकासा गरेपनि पालिकाले कुनै अनुगमन नगरेको तथा खर्चको विल भरपाई समेत पेश भएको छैन। अतः गाउँपालिकाले अनुगमन गरी, प्रमाणित हाजिरी पुस्तिका पेश गर्न लगाई हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गर्नुपर्दछ । विद्यार्थी संख्या भन्दा बढी निकासा देखिएमा उक्त रकम असुल फिर्ता गर्नुपर्दछ । | |
| ८० | | | **छात्रवृत्तीः**<br>**छात्रवृत्तीः** शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप ४.२ मा कक्षा १-८ का गैर आवासीय छात्रा तथा दलित विद्यार्थीलाई रु. ४००।०० छात्रवृत्ति उपलब्ध गराउन सकिने उल्लेख छ। पालिकाले विभिन्न विद्यालयमा छात्रवृत्ति वापत रु. १२,९४,२००।०० निकासा गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्न बमोजिम रहेको छः | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८०.१</td><td></td><td></td><td>निम्न विद्यालयमा निकासा भएको रकम भन्दा कम भरपाई पेश भएकोले बाँकी रकम सम्बन्धित विद्यालयबाट असूल गर्नुपर्ने रु.
<table>
<tr><th>व्यहोरा</th><th>निकासा</th><th>भरपाई</th><th>असूल</th></tr>
<tr><td>विरेन्द्र आ वि निरगा</td><td>३३६००</td><td>२९६००</td><td>४०००</td></tr>
<tr><td>महेन्द्र आ वि टेमुरे</td><td>२५६००</td><td>२४०००</td><td>१६००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>५६००</td></tr>
</table>
</td><td>५,६००</td></tr>
<tr><td>८०.२</td><td></td><td></td><td>कार्यक्रम कार्यान्यिन पुस्तिकामा उल्लेख भए बमोजिम विद्यार्थीको भर्ना तथा ईएमआईएस प्रतिवेदन अनुसार निःशुल्क पाठ्यपुस्तक निकासा रकमलाई वितरण गर्दा विवरण भिडान नगरेको रु.</td><td>१,२०५,०००</td></tr>
<tr><td>८१</td><td></td><td></td><td>औषधी खरिदः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.३६ लाखको औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः</td><td></td></tr>
<tr><td>८१.१</td><td></td><td></td><td>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,</td><td></td></tr>
<tr><td>८१.२</td><td></td><td></td><td>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,</td><td></td></tr>
<tr><td>८१.३</td><td></td><td></td><td>आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको नदेखिएको,</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८१.४ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ८१.५ | | | औषधीको मौज्दात घटाउँदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधी खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८२ | | | **वढी सुविधाः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ४५ मा संघीय संचितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम (शसर्त अनुदानको रकम) सम्बन्धित आर्थिक वर्षमा खर्च नभई बाकी रहेमा सोही आर्थिक वर्षमा संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले सि.अ.हे.व श्री भुपेन्द्र शाहीलाई मिति २०७८।०४।०१ देखि २०७८।०६।३० सम्म निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीको कामकाज गर्दा कार्यपालिकाबाट निर्णय गराई अतिरिक्त ५०% भत्ता शशर्त अनुदानबाट नै रु ९४९७५।०० भुक्तानी गरेको छ । यसरी शसर्त अनुदानको रकम कार्यपालिकाको निर्णयबाट खर्च गर्नेलाई जिम्मेवार बनाई उक्त रकम संघीय सञ्चित कोष दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु. | ९४,९७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३ | | | **प्रधानमन्त्रीरोजगारकार्यक्रम–**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७८ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८५ योजनामा ११२२ जनालाई रोजगारी उपलव्ध गराएको छ । लक्षित वर्गलाई औषत १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना र सूचीकृतको बैकल्पिक उपयोग मार्फत रोजगार श्रृजना भएको देखिंदैन ।<br>:<br>**प्रधानमन्त्री रोजगार कार्यक्रममा सामग्री खरिद** : प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७८ अनुसार कार्यक्रममा विनियोजन भएको रकम ज्याला भुक्तानीमा मात्र खर्च गर्नुपर्दछ । पालिकाले गुरुङ खानेपानी तथा सरसफाई योजनाको लागत अनुमान रु.२,७६३,३९६।- रहेको कार्यमा पालिकाले पालिकाले रु.२०,७०,७३८।- व्यहोर्ने गरी सम्झौता भएकोमा उक्त कार्यको पालिकाले कामका लागि ज्याला कार्यक्रमवाट भुक्तानी गरेको छ । लाभग्राहि सामुदायले पेश गरेको खर्च सार्वजनिककरण अनुसार पालिकावाट भुक्तानी भएको रकम मध्ये ज्यालामा रु.८,१७,२५२।- तथा सामग्री खरिदमा रु.१२,५३,४८५।- खर्च लेखेको विल समेत पेश भएको अवस्थामा समेत व्यक्तिगत खातामा रकम पठाएको देखिए तापनि उक्त रकम सम्वन्धितले खातावाट पुन: सामग्री खरिदको भुक्तानी हुने गरेको पाइयो । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत रोजगारीका लागि ज्याला कार्यक्रममा प्राप्त अनुदान सामाग्री खरिद गरेको विल पेश तथा मुल्यांकन भएको देखिएकोले उक्त खर्च नियम सम्मत नदेखिएको रु. | १,१६०,९२६ |
| ८४ | | | **अध्यक्ष रोजगार कार्यक्रमः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९ वमोजिम विल भरपाई सहित लेखा राख्नुपर्दछ । पालिकाले अध्यक्ष रोजगार कार्यक्रमका लागि सुरक्षा सामग्री खरिद गरी सुर्य विक्रम भाडा पसल एण्ड अर्डर सप्लायर्सलाई रु.५,६५,२४८।- भुक्तानी गरेकोमा उक्त सामान सम्वन्धितलाई वितरण वा हस्तान्तरण भएको नदिखएको र पालिकाको जिन्सीमा समेत नरहेकोले उक्त सामान वितरण भएको प्रमाण पेश हुनुपर्ने रु. | ५६५,२४८ |
| ८५ | | | **साझेदारी रकम सोधभर्ना हुनुपर्ने**<br>पालिकाले अन्य साझेदार निकायसँग गरेको साझेदारी कार्यक्रममा पालिकाबाट हुने साझेदारी रकम पालिकाको संचित कोष (विशेष तथा शसर्त वाहेकको) बाट भुक्तानी गर्नुपर्दछ । पालिकामा **water, sanitation and hygine (WASH),** ग्रामीण जलस्रोत व्यवस्थापनको सहयोग तथा अन्य दातृ निकायसँग भएको सम्झौता वमोजमि निम्न योजनाहरुमा पालिकाले व्यहोर्ने रकम निम्नानुसार शसर्तवाट खर्च लेखेकोले उक्त रकम पालिकाको संचित कोषवाट संघिय संचित कोषमा सोधभर्ना गर्नुपर्ने रु. | २,४९३,७४९ |

| सि नं | भौचर नं | योजनको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ५२ | ने रा आ वि ठानडाडाको सरसफाई | ८१११६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | | |

| | | | |
| --- | --- | --- | --- |
| २ | ५० | शिवशक्ति मा वि सरसफाई | ७४२११ |
| ३ | ४९ | भैरव आ वि को सरसफाई | ९३२७५ |
| ४ | ४८ | जगनाथ आ वि वाउदे सरसफाई | ७५०२४ |
| ५ | ४७ | खाग्राचौर खानेपानी | १७७६९२ |
| ६ | ४६ | बुद्वुदे खानेपानी | १४४०९६ |
| ७ | ५९ | जाप्खाला जोगिधारा खानेपानी | १६२४७४ |
| ८ | ५८ | लसुन खोला खानेपानी | ३९९६६८ |
| ९ | ५७ | सराबहारे छारापहाले खानेपानी | ९११२८ |
| १० | ५६ | गोगनपानी बखाने खानेपानी | ११५५०३ |
| ११ | ५५ | मर्धाग्रीयाङघारी खानेपानी | १०५५३० |
| १२ | ५४ | रायघाटी खानेपानी | १०८८१५ |
| १३ | ६४ | बहुउपयोगी प्लाष्टिक घर निर्माण | २२७८०२ |
| १४ | ६३ | पोखरी निर्माण | ९५८९६ |
| १५ | ६२ | पोखरी निर्माण | २२०२१६ |
| १६ | ६१ | डोब खानेपानी | ११०१४९ |
| १७ | ६० | तिनदोभान खानेपानी | २११९५४ |
| | | **जम्मा** | **२४९३७४९** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८६ | | | **मुख्यमन्त्री रोजगार कार्यक्रमः**<br>यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, विद्यालय भवन निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २८९ जनालाई रोजगारी उपलव्ध गराई ९ योजनामा रु.१,८७,१६,२४६.०० खर्च गरेको छ । लक्षित वर्गलाई रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ ।<br>:<br>**वढी भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार लाभग्राही सामुदायसँग निर्माण कार्य गराई भुक्तानी गर्दा प्राविधिकले नापजाँच गरी तोकिएको दरमा भुक्तानी गर्नुपर्दछ । पालिकाले मार्का दोभान गोरेटो वाटो निर्माणको लागि मुल्यांकन रु.१९,६०,८८९।- भएकोमा उपभोक्ता समितिलाई भुक्तानी गर्दा १५ प्रतिशत ओभरहेड समेत निर्मण व्यवसायीलाई भुक्तानी हुने दरमा भुक्तानी भएको देखिएकोले निम्नानुसार वढी भुक्तानी भएको रु.३,२९,०७७।- असूल हुनुपर्ने रु. | ३२९,०७७ |

| सि नं | कामको विवरण | परिमाण | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको | वढीभुक्तानी दर | वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | Dry Rubble stone massonary work | २४७.२ | ३९०४ | ५१५३.१५ | १२४९.१५ | ३०८७८९.८८ |
| २ | pcc 1:3:6 | १०.८ | १२५२३.१२ | १४४०१.५९ | १८७८.४७ | २०२८७.४८ |
| | जम्मा | | | | | ३२९०७७.३६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८७ | | | **सामाजिक सुरक्षा भत्ताः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम पालिकाले ८ वटामा रु. ७ करोड ६४ लाख भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः | |
| ८७.१ | | | **लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसुची-३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले अनुसुची-३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै मुल अभिलेख राखेको देखिएन । | |
| ८७.२ | | | **नविकरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४(५) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको अनुसुची-३ बमोजिमको ढाचाँमा राख्नुपर्ने व्यवस्था छ । साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समयभित्र एम.आई.एस. मा प्रविष्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो ढाँचामा अभिलेख राखेको देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८७.३</td><td></td><td></td><td>लगत कट्टाः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १०(२) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका तथा अन्य कुनै पनि कारणले भत्ता नपाउने लाभग्राहीको लगत कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो घटनाको सम्बन्धमा आवश्यक पहलकदमि नगरेको हुँदा त्यस्ता व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>८७.४</td><td></td><td></td><td>पारदर्शिता कामय गर्नेः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(२) बमोजिम स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र उपदफा (३) बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ । पालिकाले लाभग्राहीको नामावली सार्वजनिक गर्नुको साथै वेभसाइटमा प्रकाशन गरेको छैन ।</td><td></td></tr>
<tr><td>८७.५</td><td></td><td></td><td>सार्वजनिक सुनुवाई र अनुगमनः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । पालिकाले सामाजिक सुरक्षा सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिकास्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउनु पर्दछ । साथै सार्वजनिक सुनुवाई गरी लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>८८</td><td></td><td></td><td>बिल भरपाई नभएकोः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । बिल, भरपाई, प्रमाण र कागजात पेश नभएका व्यहोराहरु निम्नानुसार छनः</td><td></td></tr>
<tr><td>८८.१</td><td></td><td></td><td>१८०।०७९।०३।१६ किसान सुचिकरण कार्यक्रम अन्तर्गतको बैठक तथा अनुगमन भत्ताको भुक्तानी गरेको रकम भन्दा कम रकमको भरपाई पेश भएकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.<table><tr><td>बैठक भत्ता</td><td>२५५०</td></tr><tr><td>अनुगमन भत्ता</td><td>१२७५०</td></tr><tr><td>जम्मा</td><td>१५३००</td></tr></table></td><td>१५,३००</td></tr>
<tr><td>८८.२</td><td></td><td></td><td>४७।०७८।०९।०६ स्थलगत अनुशिक्षण गरी स्वास्थ्य कर्मीको क्षमता अभिवृद्धि एवं तथ्याङ्क गुणस्तर सुनिश्चितता शिर्षक अन्तर्गत श्री टिका थापालाई रु.६०,०००।०० भुक्तानी भएकोमा उक्त खर्च पुष्टि गर्ने विल भरपाई भौचर साथ संलग्न नगरेकोले बिलभरपाई पेश गर्नुपर्ने रु.</td><td>६०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८८.३</td><td></td><td></td><td>पालिकाले निम्नानुसारको खर्चको भुक्तानी गर्दा खर्च हुने बिल भरपाई श्रेस्तासाथ पेश नभएकोले उक्त खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>भौनंरमिति</th><th>योजना</th><th>भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td>१५१।०७९।३।२६</td><td>डान्डा बाङ्गे ठुलोवामलया झो पु</td><td>२२१९२१</td><td>कागजातपेशनभएको</td></tr>
<tr><td>१४९</td><td>डाँडागाउँ ट्रस पुल स्टिल पार्टस खरिद</td><td>१७१६७०४</td><td>जडान भएको नदेखिएकोले कार्य सम्पन्न पेश हुनुपर्ने</td></tr>
<tr><td>२५०।०७९।३।२५</td><td>आयुर्वेद औषधालयको तलब भत्ता संचालन खर्च तथा कार्यालय वजेट</td><td>४८७६५०</td><td>आयुर्वेद शिर्षकवाट पालिकाको अन्य काममा भएको भ्रमण खर्च भुक्तानी</td></tr>
<tr><td>२५५।०७९।३।२६</td><td>विभिन्न शिर्षकको खर्च</td><td>१३८७१६५</td><td>कागजात पेश नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३८१३४४०</td><td></td></tr>
</table></td><td>४३,९९०</td></tr>
<tr><td>८९</td><td></td><td></td><td>लघु उद्यम विकास कार्यक्रम<br>७६।०७८।१०।२६गरिवी निवारणको लघु उद्यम विकास कार्यक्रम तर्फबाट २ जना उद्यम विकास सहजकर्ता राख्न पाउने व्यवस्था छ । तर पालिकाले ४ जनासँग सेवा करार सम्झौता गरेको छ । सन्दिप चपाईलाई मिति ०७८।०८।१५ मा नियुक्ति दिई २.५ महिनामा नै चाडपर्व भत्ता समेत भुक्तानी गरेको छ । यसरी सशर्त कार्यक्रमको रकमबाट अतिरिक्त कर्मचारी नियुक्त गर्दा वढी खर्च कर्मचारी सेवा सुविधामा नै जाने र कार्यक्रम प्रभावकारी रुपमा संचालन हुन सक्ने अवस्था समेत रहदैन । शसर्त कार्यक्रमबाट भुक्तानी भएको त्यस्तो कर्मचारी सेवा सुविधाको रकम संघीय संचितकोषमा दाखिल गर्नुपर्ने रु.</td><td>२४३,१८५</td></tr>
<tr><td>९०</td><td></td><td></td><td>गरिबसँग विश्वेश्वरको कार्य लक्ष्यः<br>सामाजिक परिचालनका माध्यमबाट विपन्न परिवारलाई संगठित गरी स्थानीय मानव संशाधनको विकास गरी सामाजिक पूँजीको विकास गर्न गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वियन निर्देशिका, २०६६ जारी भएको छ । निर्देशिकाको बुँदा नं. ६(घ) तोकिएको मापदण्डका आधारमा अतिविपन्न परिवार छनौट लगायत विभिन्न १२ वटा कार्यहरु स्थानीय तहलाई तोकिएकोमा पालिकालाई प्राप्त रु. १ लाख ५० हजारमध्ये सामाजिक परिचालक रुपा कुमारी शाहीले पालिकाको वडा नं २ मा रहेको बाल्टार प्रगतिशिल समुहलाई रु.१ लाख ५० हजार भुक्तानी दिएकोमा उक्त रकमको भरपाई एवं प्रयोजन नखुलेकोले आवश्यक प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१५०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ९१ | | | **छोरी बचत खाताः**<br>सामाजिक विकास मन्त्रालयले २०७६/७७ देखि प्रत्येक जन्मिएको छोरीको नाममा पलिकाको सिफारिसमा तोकिएको वैकमा खाता खोली प्रतिमहिना पाँचसयका दरले नगद जम्मा गर्ने नीति कार्यान्वियन गरेको छ । यस आर्थिक वर्षमा मात्र कुल ४३४ जनाको खाता सिफारिस गरेकोमा २४४ को खातामा रकम भुक्तानी हुन सकेको छैन । प्रर्याप्त बजेट अभावका कारण २४४ को खाता रकम जम्मा हुन नसकेको पालिकाले जनाएको छ । दीर्घकालीन भारपर्ने नीति कार्यन्वयन ल्याउनु अगाडि असर एवं प्रभाव विश्लेषण नगरेको कारण हरेक वर्ष दायित्व बढ्दै जाने तर बजेट अपर्याप्त रहने देखिएबाट उक्त कार्यक्रमको उपयुक्त विकल्पको पहिचान गर्नुपर्ने देखिन्छ । | |
| ९२ | | | **आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजुः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३३(८) वमोजिम आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट तथा सम्परिक्षण गराउनु पर्ने तथा दफा ३३(९) वमोजिम आन्तरिक लेखापरीक्षणको सुझावहरुको सम्वन्धमा कारण सहित हटाएकोमा वाहेक अन्य सुझावहरुलाई अन्तिम लेखापरीक्षण प्रतिवेदमा समावेश गर्नुपर्ने व्यवस्था अनुरुप आन्तरिक लेखापरीक्षणमा देखिएका व्यहोरा हालसम्म फस्यौंट नभएकोले निम्नानुसार कायम गरिएको छनः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९२.१ | | | करारमा कार्यरत कर्मचारीलाई कुनै पनि किसिमका भत्ता भुक्तानी दिन पाउने व्यवस्था छैन । पालिकाले करारमा कार्यरत कर्मचारीहरुलाई स्थानीय भत्ता र महंगी भत्ता समेत रु. ७,२९,८५०।०० भुक्तानी गरेकोले उक्त रकम असूल गर्नुपर्ने रु. | ५१९,५१० |

| नाम थर | पद | स्थानीय भत्ता | महंगी भत्ता | मासिक जम्मा | महिन | वार्षिक जम्मा |
|---|---|---|---|---|---|---|
| किरण केसी | इन्जिनियर | ८८०० | २००० | १०८०० | ७ | ७५६०० |
| पदम बस्नेत | सव इन्जिनियर | ५५१० | २००० | ७५१० | ७ | ५२५७० |
| सूर्य वहादुर खड्का | अ स इ | ४६०० | २००० | ६६०० | ७ | ४६२०० |
| सहविर सलामी | अ स इ | ४६०० | २००० | ६६०० | ७ | ४६२०० |
| हिमालध्वज मल्ल | आइटी अफिसर | ८८०० | ० | ८८०० | १२ | १०५६०० |
| अर्जुन विश्वकर्मा | अ स इ | ४६०० | २००० | ६६०० | ७ | ४६२०० |
| धर्मराज ढकाल | सव इन्जिनियर | ५५१० | २००० | ७५१० | ५ | ३७५५० |
| लोकेन्द्र विसी | सव इन्जिनियर | ५५१० | २००० | ७५१० | ९ | ६७५९० |
| सम्झना शाही | सामाजिक परिचालक | ० | २००० | २००० | ७ | १४००० |
| विष्णु कुमारी शाही | सामाजिक परिचालक | ० | २००० | २००० | ७ | १४००० |
| देव वहादुर थापा | क अ | ० | २००० | २००० | ७ | १४००० |
| **जम्मा** | | | | | | **५१९५१०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९२.२ | 23 | | धन बहादुर रावतलाई खाजा नास्ता वापत रु.७७,४९४।०० भुक्तानी भएकोमा रु.५७,६९४।०० को मात्र बिल भरपाई पेश भएकोमा अन्तिम लेखापरीक्षण गर्दा समेत संलग्न बिल अस्वभाविक रुपमा थप गरेको देखिएकोले उक्त बढी भएको रकम असूल गर्नुपर्ने रु. | १९,८०० |
| ९२.३ | | | खाजा नास्ता वापत रकम रमेश महतरालाई भुक्तानी गर्दा अग्रिम आयकर कट्टा नभएकोले उक्त रकम असूल गर्नुपर्ने रु. | ३४५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९२.४ | १२२ | | नगेन्द्र बस्नेतलाई गाडी भाडा रकम भुक्तानी गर्दा सम्झौता बिना भुक्तानी गरी अनियमित गरेको रु. | २४,००० |
| ९२.५ | ८२ | | बुद्धीचाल प्रतियोगी संघलाई रु. ८०,०००।०० भुक्तानी भएकोमा कार्यपालिका निर्णय संलग्न नगरी भुक्तानी भएकोले संलग्न गरी नियमित गर्नुपर्ने रु. | ८०,००० |
| ९२.६ | ३४३ | | खड्क बहादुर खत्री र नर वहादुर रावत लाई गाडी भाडा रकम भुक्तानी गर्दा सम्झौता नगरी प्रयोजन समेत नखुलाई भुक्तानी भएकोले अनियमित रु. | ३१,००० |
| ९२.७ | ३९३ | | कार्यालय सामाग्री खरिद सूर्य विक्रम भाडा पसल तथा सजावट फार्मेशिलाई रकम भुक्तानी गर्दा छुट आवश्यक कागजात कार्यादिश संलग्न नगरी भुक्तानी गरेकोले आवश्यक कागजात संलग्न गरी नियमित गर्नुपर्ने रु. | ७४०,७१४ |
| ९२.८ | १८१ | | कार्यक्रम संचालक नवराज शर्मा लगायतका कर्मचारीलाई रकम भुक्तानी गर्दा पारिश्रमिक कर अग्रिम आयकर बुझिलिएको भरपाई संलग्न नभएकोले संलग्न गर्नुपर्नेरु. | १०,४८२ |
| ९२.९ | ६० | | सामाजिक परिचालक सन्दिप चपाईको नियुक्ति माघ १५ मा गरी नियुक्ति हुनु भन्दा अघिको मिति राखि दैनिक भ्रमण भत्ता भुक्तानी भएकोले असूल गरी दाखिला गर्नुपर्ने रु. | ९०,००० |
| ९२.१० | १८० | | किसान सूचिकरण कार्यक्रम भत्ता वापतको रकम भुक्तानी गर्दा बुझिलिएको भरपाई र दस्तखत संलग्न नगरी भुक्तानी भएकोले छुट आवश्यक कागजात संलग्न गरी नियमित गर्नुपर्ने रु. | ८८,२०० |
| ९२.११ | ८ र १७ | | शिक्षा समितिको बैठक तथा खाजा खर्च वापत देवेन्द्र बहादुर कठायतलाई रकम भुक्तानी गर्दा संलग्न बिल कार्यक्रम अनुसार मिति र बिल नं मिलेको नदेखिएकोले असूल गर्नुपर्ने रु. | ४१,७०० |
| ९२.१२ | ९८ | | जगन्नाथ प्राथमिक विद्यालय, राका विद्यालय व्यवस्थापन समितिको सामान खरिद गर्दा न्यू विष्णु ट्रेडर्श एण्ड अर्डर सप्लायर्सलाई रकम भुक्तानी गर्दा प्यान बिलमा रु २,००,००.00 माथिको बिल संलग्न गरी रकम भुक्तानी भएकोले १५ प्रतिशत रकम राजश्व (७६५००*१५%)दाखिला गर्नुपर्ने रु. | ११,३४० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९३</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण<br><br>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br><br>
<table>
<tr><td></td><td></td><td>हजारमा</td></tr>
<tr><td>गत वर्षसम्मको बेरुजू<br>(A)</td><td>यो वर्ष संपरीक्षण गरिएको बेरुजू<br>(B)</td><td>गत बर्षसम्मको बाँकी बेरुजू<br>(C=A-B)</td></tr>
<tr><td>२०३८३०</td><td>६४६</td><td>२०३१८४</td></tr>
</table>
यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>आ.व.</th><th>दफा नं.</th><th>वेरुजुको संक्षिप्त व्यहोरा</th><th>सम्परीक्षण रकम</th></tr>
<tr><td>१</td><td>०७५।०७६</td><td>५४</td><td>पालिकाका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य र गाउँसभा सदस्यलाई भुक्तानी गरेको भत्ता असुल भएको</td><td>६४५९५०</td></tr>
</table>
अद्यावधिक वेरुजु - यस पालिकाको २०७८।०७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू<br>(E=A-B+C+D)</th></tr>
<tr><td>२०३८३०</td><td>६४६</td><td>७८६९६</td><td>०</td><td>२८१८८०</td></tr>
</table>
</td><td></td></tr>
</table>